# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, भदौ १ गते २०५० साल (अतिरिक्ताङ्क २६

## भाग ३

श्री ५ को सरकार

जलस्रोत मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले विद्युत ऐन, २०४९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०५० भाद्र १ गतेदेखि लागू हुने गरी तोकेको छ ।

### सूचना २

## विद्युत नियमावली, २०५०

विद्युत ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विद्युत नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

(क) "ऐन" भन्नाले विद्युत ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "विद्युत विकास केन्द्र" भन्नाले ऐनको दफा ३६ बमोजिमको जलविद्युत विकास इकाईको काम गर्न जलस्रोत मन्त्रालय अन्तरगत रहेको विद्युत विकास केन्द्र सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले जलस्रोत मन्त्रालयको सचिव संझनु पर्छ ।

(घ) "सर्वेक्षण" भन्नाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि गरिने सर्वेक्षणको कार्य सम्झनु पर्छ र सो शब्दले संभाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेतलाई जनाउछ ।

(ङ) "विद्युतको उत्पादन, प्रसारण वा वितरण" भन्नाले विद्युतको उत्पादन, प्रसारण वा वितरणसंग सम्बन्धित संरचनाहरूको निर्माण, संचालन, तथा मर्मत संभार सम्झनु पर्छ ।

(च) "वितरण क्षेत्र" भन्नाले विद्युत वितरणको अनुमति पत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ ।

(छ) "वायरिङ्ग" भन्नाले ग्राहकको घर, कम्पाउण्ड, कारखाना वा यस्तै अन्य कुनै ठाउंमा विद्युत आपूर्तिको लागि गरिने विद्युत सामग्री जडानको कार्य सम्झनु पर्छ ।

(ज) "यूनिट" भन्नाले एकहजारवाटको विद्युत शक्ति एक घण्टासम्म संचालन हुंदा खपत हुने विद्युत उर्जा सम्झनु पर्छ ।

(झ) "उर्जामापक यन्त्र" भन्नाले विद्युतको खपत भएको यूनिट देखाउने यन्त्र (मिटर) सम्झनु पर्छ ।

(ञ) "भूयोजन (अर्थिङ्ग)" भन्नाले विद्युत शक्तिबाट हुने खतरालाई हटाउन निश्चित गहिराईमा तार लगी जमीनसंग जोड्ने कार्य सम्झनु पर्छ ।

(ट) "प्रतिष्ठान" भन्नाले विद्युतको उत्पादन, प्रसारण, रूपान्तर वा वितरण गर्ने उपकरण, सामग्री तथा प्रणालीको समष्टिगत रूपलाई जनाउने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

25 C

परिच्छेद – २

अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. जानकारी दिनु पर्नेः ऐनको दफा ३ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम १०० देखि १००० किलोवाट सम्मको जलविद्युत सर्वेक्षण, उत्पादन, प्रशारण वा वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–१ बमोजिमको ढाँचामा देहायका विवरणहरू खुलाई विद्युत विकास केन्द्र मार्फत सचिव-लाई जानकारी दिनु पर्नेछः–

(क) परियोजनाको विस्तृत विवरण,
(ख) परियोजना स्थलको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने),
(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,
(घ) विद्युत वितरण गरिने क्षेत्र तथा यसबाट लाभान्वित हुने ग्राहक संख्या,
(ङ) उपयोग गरिने जलस्रोतको अन्य कसैले कुनै किसिमबाट उपयोग गरे नगरेको, गरेको भए सो को विवरण,
(च) अन्य आवश्यक कुराहरू ।

४. विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–२ बमोजिमको ढाँचामा प्रस्तावित विद्युत उत्पादन परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई तीन प्रति दरखास्त फाराम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष दिनु पर्नेछः–

(क) परियोजना स्थलको नक्शा (जसमा प्रस्तावित विद्युत गृह, बांध, जलाशय, नहर, सुरूङ्ग, सब-स्टेशन, प्रशारण लाइन, वितरण क्षेत्र आदिको प्रारम्भिक नक्शा र परियोजना क्षेत्र भित्रका गाउं, शहर, ऐतिहासिक स्थान, बाटो इत्यादी समेतस्पष्ट रूपमा देखाउनु पर्छ),
(ख) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र र उपयोग हुने पानीको परिमाण,
(ग) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत र कूल अवधि (सर्वेक्षण र निर्माण समेतको लागि),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) परियोजनाको कुल जडान क्षमता र वार्षिक उत्पादनको अनुमान,

(ङ) जल बाहेक अन्य साधनबाट विद्युत उत्पादन गर्ने भए प्रयोग गरिने इन्धनको किसिम र त्यसको आपूर्ति गर्ने तरिका,

(च) अन्य आवश्यक कुराहरू ।

५. <u>विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने</u>: विद्युत प्रसारणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–३ बमोजिमको ढांचामा प्रस्तावित विद्युत प्रसारण परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई तीन प्रति दरखास्त फारम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष दिनु पर्नेछः–

(क) विद्युत प्रसारण लाइनको प्रारम्भिक रूट–नक्शा (प्रस्तावित मुख्य प्रसारण र वैकल्पिक लाइन समेत देखिने),

(ख) प्रसारण लाइनको कुल लम्बाई, उद्देश्य र आवश्यकता,

(ग) प्रसारणको लागि प्रयोग गरिने भोल्टेजको स्तर र क्षमता,

(घ) एकमुष्ट प्रसारण गरी आपूर्ति गर्ने भएमा विद्युतको अधिकतम लोड तथा ग्राहकको किसिम,

(ङ) प्रसारण लाइन सम्पन्न गर्न लाग्ने अनुमानित लागत र कूल अवधि (सर्वेक्षण र निर्माण समेत),

(च) अन्य आवश्यक कुराहरू ।

६. <u>विद्युत वितरणको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने</u>: विद्युत वितरणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–४ बमोजिमको ढांचामा प्रस्तावित विद्युत वितरण परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई तीन प्रति दरखास्त फारम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष दिनु पर्नेछः–

(क) वितरण क्षेत्रको नक्शा (जसमा त्यस क्षेत्रको भौगोलिक विवरण, विद्यमान वितरण प्रणाली र गर्न खोजिएको वितरण प्रणालीको प्रारम्भिक नक्शा समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ख) वितरण प्रणालीको उद्देश्य र आवश्यकता,

(ग) वितरण प्रणालीबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विद्युत खरिद वा प्राप्त गर्ने बिन्दु र बिक्री वितरण सम्बन्धी अन्य विवरण,

(ङ) वितरण लाइन निर्माण गर्न लाग्ने अनुमानित लागत र कूल अवधि (सर्वेक्षण र निर्माण समेत),

(च) अन्य आवश्यक कुराहरू ।

७. <u>दरखास्त उपर जांचबुझ</u>: (१) नियम ४, ५ वा ६ बमोजिम पर्न आएको दरखास्त उपर रेन र यस नियमावली बमोजिम दरखास्तवालाले पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा सचिव आफैले वा विद्युत विकास केन्द्र मार्फत आवश्यक जांचबुझ गर्ने गराउने छ ।

(२) उपनियम (१) बमोजिम जांचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त परेको मितिले १५ दिन भित्र सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न विद्युत विकास केन्द्रले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउंछ सोही मितिलाई नै रेनको दफा ४ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

८. <u>सर्वेक्षण अनुमतिपत्र दिने</u>: नियम ४, ५ वा ६ बमोजिम पर्न आएको दरखास्त उपर नियम ७ बमोजिम आवश्यक जांचबुझ गरे पछि सचिवले दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी क्रमशः अनुसूची ५(क),५(ख) वा ५(ग) बमोजिमको ढांचामा दरखास्तवालालाई विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

९. <u>एकैपटक सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिने</u>: एउटै परियोजनासंग सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण गर्न चाहने कुनै व्यक्ति वा संगठित संस्थाले नियम ४, ५ वा ६ बमोजिम सबै विवरणहरू खुलाई एकैपटक दरखास्त दिएमा यस नियमावलीका अन्य व्यवस्थाहरूको अधिनमा रही त्यस्तो दरखास्तवालालाई सचिवले विद्युतको उत्पादन, प्रसारण तथा वितरण समेतको सर्वेक्षण गर्न पाउने गरी एकैपटक अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. सर्वेक्षण प्रतिवेदन पेश गर्नु पर्ने: नियम ८ वा ९ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षणको काम सकेको तीस दिन भित्र तीन प्रति प्रतिवेदन विद्युत विकास केन्द्र समक्ष पेश गर्नु पर्नेछ ।

११. दोहरो पर्ने गरी सर्वेक्षण अनुमतिपत्र नदिइने: नियम ८ वा ९ बमोजिम दिइएको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई दोहरो पर्ने गरी अनुमतिपत्र प्रदान गरिने छैन ।

१२. विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिने: विद्युत उत्पादन गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ६ बमोजिमको ढाँचामा प्रस्तावित विद्युत उत्पादन परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई तीन प्रति दरखास्त फारम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष दिनु पर्नेछ:–

(क) परियोजनाको विस्तृत विवरण (जसमा परियोजना स्थलको नक्सा, उत्पादन गरिने विद्युतको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाका संचालकहरूको नाम, थर र वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ख) विद्युत उत्पादन गर्न खनिज इन्धनको प्रयोग गर्ने भए प्रयोग गरिने इन्धनको किसिम, त्यसको आपूर्ति गर्ने तरिका र संचय प्रणाली तथा सो सम्बन्धी सम्झौता वा आशय पत्र तथा तत्सम्बन्धी अन्य कुनै कागजपत्र भए सो समेत पेश गर्नु पर्नेछ,

(ग) संभाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण, ग्राहक तथा उपभोक्ताहरूको विवरण, बिक्री हुन सक्ने विद्युतको अनुमानित परिमाण, विद्युत आपूर्तिमा प्रयोग गरिने अन्य व्यक्ति वा संगठित संस्थाहरूको स्वामित्वमा रहेको प्रसारण तथा वितरण प्रणाली भए सो को विवरण),

(घ) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनाका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
302

प्रत्यक्ष रूपले सहभागी हुने वित्तिय संस्थाहरूको प्रतिवद्धता र लगानीकर्ताहरूको दायित्व तथा शेयर-पूंजि र ऋणको प्रतिशत),

(ङ) घरजग्गाको उपयोग वा प्राप्ती (परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरूको लगत),

(च) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल असरलाई न्यूनतम गर्न अपनाइने उपायहरू, परियोजनाले त्यस क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा संचालन संभार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा परियोजना संचालनबाट सम्बन्धित जग्गा धनीहरूलाई पर्न सक्ने असर, विस्थापित हुने जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाइने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(छ) विद्युत शक्ति खरिद विक्री सम्बन्धी विवरण (परियोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरिद विक्री सम्बन्धी सम्झौता वा आशय पत्र तथा तत्सम्बन्धी अन्य कुनै कागजपत्र भए सो समेत संलग्न गर्नु पर्छ),

(ज) परियोजनाबाट उत्पादित विद्युत प्रशारण गर्ने व्यवस्था सम्बन्धी विवरण,

(झ) इन्धन आपूर्ति, ढुवानी तथा संचय सम्बन्धी विवरण (परियोजनाको लागि आवश्यक पर्ने विद्युत तथा अन्य इन्धनको आपूर्ति, ढुवानी वा संचयको सम्बन्धमा भएको सम्झौता वा आशय पत्र तथा तत्सम्बन्धी अन्य कुनै कागजपत्र भए सो समेत संलग्न गर्नु पर्नेछ),

(ञ) अन्य आवश्यक कुराहरू ।

१३. <u>विद्युत प्रशारणको अनुमतिपत्रको लागि दरखास्त दिने</u>: विद्युतको प्रशारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-७ बमोजिमको ढांचामा प्रस्तावित विद्युत प्रशारण परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई तीन प्रति दरखास्त फारम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष दिनु पर्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०३

(क) परियोजनाको विस्तृत विवरण (जसमा प्रशारण गरिने विद्युतको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाका संचालकहरूको नाम, थर र वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ख) प्रशारण लाईन र प्रशारणको लागि आवश्यक पर्ने सब-स्टेशनहरू समेत भएको रूट-नक्शा, आवश्यक पर्ने राईट-अफ-वे र सिङ्गल लाइन डायग्राम,

(ग) प्रशारण भोल्टेजको स्तर, प्रशारण क्षमता, निर्माणको गुणस्तर, तारको साइज र आपसका दूरी, लट्ठा तथा इन्सुलेटरको किसिम र निर्माण सम्बन्धी विस्तृत नक्शा,

(घ) संभाव्यताको विश्लेषण (परियोजनाको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण, एकमुष्ट प्रशारण गरी आपूर्ति गर्ने भएमा ग्राहक तथा उपभोक्ताहरूको विवरण, बिक्री हुन सक्ने विद्युतको अनुमानित परिमाण एवं विद्युत आपूर्तिमा प्रयोग गरिने अन्य व्यक्ति वा संगठित संस्थाहरूको स्वामित्वमा रहेको प्रशारण तथा वितरण प्रणाली भए सो को विवरण),

(ङ) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तिय संस्थाहरूको प्रतिवद्धता र लगानीकर्ताहरूको दायित्व तथा शेयर-पूँजि र ऋणको प्रतिशत),

(च) घरजग्गाको उपयोग वा प्राप्ती (परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरूको लगत),

(छ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल असरलाई न्यूनतम गर्न अपनाइने उपायहरू, परियोजनाले त्यस क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा संचालन संभार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

308

व्यवस्थाहरू तथा परियोजना संचालनबाट सम्बन्धित जग्गा धनीहरूलाई पर्न सक्ने असर, विस्थापित हुने जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाइने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ज) विद्युत शक्ति खरिद विक्री सम्बन्धी विवरण (परियोजनाबाट प्रसारण हुने विद्युत शक्ति खरिद विक्री सम्बन्धी सम्झौता वा आशय पत्र तथा तत्सम्बन्धी अन्य कुनै कागजपत्र भए सो समेत संलग्न गर्नु पर्छ),

(झ) प्रसारण लाइनको डेढ किलोमिटर क्षेत्रभित्रका विद्युत सम्बन्धी अन्य संरचनाहरू देखिने नक्सा,

(ञ) अन्य आवश्यक कुराहरू ।

१४. विद्युत वितरणको अनुमतिपत्रको लागि दरखास्त दिने: विद्युत वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–८ बमोजिमको ढांचामा प्रस्तावित विद्युत वितरण परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई तीन प्रति दरखास्त फाराम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष दिनु पर्नेछ:–

(क) परियोजनाको विस्तृत विवरण (जसमा वितरण गरिने विद्युतको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाका सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाका संचालकहरूको नाम, थर र वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ख) संभाव्यताको विश्लेषण (परियोजनाको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण, विक्री हुन सक्ने विद्युतको अनुमानित परिमाण, विद्युत आपूर्तिमा प्रयोग गरिने अन्य व्यक्ति वा संगठित संस्थाहरूको स्वामित्वमा रहेको प्रसारण तथा वितरण प्रणाली भए सो को विवरण),

(ग) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तिय संस्थाहरूको प्रतिवद्धता र लगानीकर्ताहरूको दायित्व तथा शेयर–पूंजि र ऋणको प्रतिशत),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. कार्य शुरू गर्नु पर्ने अवधिः (१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र उत्पादन, प्रशारण वा वितरणको हकमा एक वर्ष भित्र भौतिक रूपमा कार्य शुरू गरी सो को जानकारी विद्युत विकास केन्द्रलाई दिनु पर्नेछ ।

तर म्याद भित्र कार्य शुरू गर्न नसकेको कारण सोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य शुरू भएपछि सो कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण विद्युत विकास केन्द्रलाई दिनु पर्नेछ ।

२२. नयाँ अनुमतिपत्र लिनु पर्नेः (१) ऐन प्रारम्भ हुनु अगावै विद्युतको उत्पादन, प्रशारण वा वितरण गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १२, १३ वा १४ मा उल्लेखित विवरणहरू खुलाई ऐनको दफा ४ को उपदफा (३) बमोजिम विद्युत विकास केन्द्र मार्फत सचिव समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको दरखास्त उपर सचिव आफैले वा विद्युत विकास केन्द्र मार्फत आवश्यक जाँचबुझ गरी गराई दरखास्तवालालाई अनुसूची–१० बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

२३. विद्युत आयातको स्वीकृतिः (१) यस नियमावली बमोजिम विद्युतको उत्पादन, प्रशारण वा वितरणको अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल अधिराज्य भित्र विद्युत आयात गर्न चाहेमा तत्सम्बन्धमा भएको संझौताको विवरण संलग्न गरी श्री ५ को सरकारको पूर्व स्वीकृतिको लागि विद्युत विकास केन्द्रमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने दरखास्तमा विद्युत आयात गर्ने मुलुकको नाम, आयात गरिने विद्युतको भोल्टेजको स्तर, परिमाण, वितरण वा प्रशारण गर्ने क्षेत्र, विद्युत आयात गर्ने अवधि तथा अन्य आवश्यक कुराहरू खुलाउनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर श्री ५ को सरकारले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी दरखास्तवालालाई विद्युत आयात गर्न स्वीकृति दिन सक्नेछ ।

२४. अनुमतिपत्र दस्तुर: (१) यस नियमावली बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची – ११ मा तोकिएको दस्तुरको १५ प्रतिशतको दरले हुन आउने रकम बुझाउनु पर्नेछ ।

(२) विद्युत उत्पादन, प्रशारण वा वितरणको अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची – ११ मा तोकिएको दस्तुर बुझाउनु पर्नेछ ।

तर उत्पादन, प्रशारण वा वितरण मध्ये कुनै एक अनुमतिपत्रको लागि अनुसूची ११ मा तोकिएको दस्तुरको तेत्तिस दशमलव तेत्तिस प्रतिशतको दरले हुन आउने रकम अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

२५. अनुमतिपत्र नवीकरण गर्ने: (१) ऐन तथा यस नियमावली बमोजिम प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु एक वर्ष अगावै अनुमतिपत्रको नविकरण गर्नु पर्नेछ ।

(२) ऐनको दफा ५ को उपदफा (३) बमोजिम अनुमतिपत्र नविकरण गराउंदा अनुसूची–११ मा तोकिएको दस्तुरको दश प्रतिशत दस्तुर लाग्नेछ ।

२६. रोयल्टीको प्रयोजनको लागि युनिट (किलोवाट घण्टा) को गणना: ऐनको दफा ११ बमोजिम रोयल्टीको प्रयोजनको लागि युनिट (किलोवाट घण्टा) गणना गर्दा विद्युत गृहबाट उत्पादित कूल विद्युत मध्ये सोही विद्युत गृह संचालनकोलागि प्रयोग हुने विद्युतको परिमाण कट्टा गरी बांकि हुन आउने विद्युतको परिमाणको गणना गरिनेछ ।

२७. निर्यात कर: ऐनको दफा २२ को उपदफा (३) बमोजिम विद्युत निर्यात गरेबापत तिर्नु पर्ने निर्यात कर सोही दफाको उपदफा (२) बमोजिम श्री ५ को सरकारसंग भएको सम्झौतामा निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – ३

### विद्युतको वितरक तथा ग्राहकहरूले पालन गर्नु पर्ने कुराहरू

२८. <u>विद्युत लाइन जडान गर्न दरखास्त दिनु पर्ने</u>: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले वितरण गर्ने विद्युत शक्तिको उपभोग गर्न चाहने व्यक्तिले निजको कार्यालयमा निजले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा अनुमतिपत्र प्राप्त व्यक्तिले दरखास्तवालाको वायरिङ्ग जांच गराउन लगाई प्राविधिक तथा सुरक्षात्मक दृष्टिकोणले ठीक देखिएमा विद्युत लाईन उपलब्ध गराउने आवश्यक प्रबन्ध मिलाउनु पर्छ र वायरिङ्ग ठीक नदेखिएमा सो सुधार गर्न सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जांच भएपछि विद्युत लाईन उपलब्ध गराउने विषयमा अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहकको बीचमा विवाद उठन गएमा सम्बन्धित पक्षले प्रमुख विद्युत निरीक्षक समक्ष निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदन उपर निरीक्षकले जांचबुझ गरी आवश्यक आदेश दिनेछ र त्यस्तो आदेशको पालन गर्नु अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक दुवैको कर्तव्य हुनेछ ।

(४) दरखास्तवालालाई विद्युत लाईन प्रदान गर्ने सूचना दिनुभन्दा अगावै अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहक हुन इच्छुक व्यक्तिसँग विद्युत लाईन लैजाने तथा ऊर्जा मापक यन्त्र राख्ने सम्बन्धमा छलफल गरी उपयुक्त ठाउंको निर्धारण गर्नु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई विद्युत लाईन जडान गरी दिंदा र आफ्नो तर्फबाट सामान जडान गर्दा लाग्ने सबै समेत जुलाइएको लगत इष्टिमेटको प्रति ग्राहक हुन इच्छुक व्यक्तिलाई दिनु पर्नेछ ।

(६) ग्राहक हुन इच्छुक व्यक्तिले उपनियम (५) बमोजिम प्राप्त भएको लगत इष्टिमेटको साथमा लाग्ने रकम अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यालयमा बुझाएपछि विद्युत लाइन जडान गरिनेछ र त्यस्तो विद्युत लाईन उपर अनुमतिपत्र प्राप्त व्यक्तिको नियन्त्रण रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. अनुमतिपत्र प्राप्त व्यक्तिले उर्जामापक यन्त्र जडान गरी दिनुपर्नेः

(१) ग्राहक कहां विद्युत शक्तिको खपतको नाप गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो तर्फबाट उर्जामापक यन्त्र राखी सो वापत मुनासिव माफिकको धरौटी लिन सक्नेछ ।

(२) ग्राहक कहां विद्युत लाइन बहाल नरहेमा उपनियम (१) बमोजिम लिइएको धरौटी त्यस्तो ग्राहकलाई फिर्ता दिनुपर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा वा सरलीकरणको लागि विद्युत उपभोग गर्ने ग्राहक तथा अनुमतिपत्र प्राप्त व्यक्ति विच आपसि समझदारी भएमा उर्जामापक यन्त्र नराखीकन पनि अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत वितरण गर्न सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहक कहां राखिएको उर्जामापक यन्त्र समय समयमा प्राविधिक जांच गराउनु पर्नेछ र संचालनको कारणले गर्दा उर्जामापक यन्त्र बिग्रेको देखिएमा बिना मूल्य अर्को फेरी दिनु पर्नेछ ।

तर ग्राहकले जानी जानी वा निजको लापरवाहीको कारणबाट उर्जामापक यन्त्र बिग्रेमा वा चोरी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहक संग सो वापतको मोल लिई नयां उर्जामापक यन्त्र जडान गर्नु पर्नेछ ।

(५) उर्जामापक यन्त्र बिग्रेको वा साधारणतः घुम्नु पर्ने भन्दा बढी घुमेको भनी ग्राहकले दरखास्त दिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले यस्तो उर्जामापक यन्त्र बढिमा १५ दिन भित्र जांच्न लगाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम जांच गर्दा उर्जामापक यन्त्र साधारणतः घुम्नु पर्ने भन्दा बढी घुमेको देखिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले बिना मूल्यमा मर्मत सुधार वा अर्को फेरिदिनु पर्नेछ ।

(७) ग्राहकको दावी अनुसार उर्जामापक यन्त्र बिग्री वा बढी घुमी निजलाई नोक्सान परेको देखिएमा ग्राहकले निवेदन दिएको मिति भन्दा एक महीना अगाडीसम्मको नोक्सानीको पूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले गर्नु पर्नेछ।



३०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक महिनाको विद्युत खपत र सो बापत लाग्ने दस्तुर निरेको समेत देखिने गरी ग्राहकलाई एक कार्ड उपलब्ध गराउनु पर्नेछ ।

(९) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकको घर अगगामा जडान गर्ने उर्जामापक यन्त्र तथा ततसम्बन्धी अन्य मालसामानमा आवश्यक संख्यामा सिल लगाउन सक्नेछ ।

(१०) उप–नियम (९) बमोजिम लगाइएको सिल अनुमतिपत्र प्राप्त व्यक्ति वा निजले खटाएको व्यक्तिले बाहेक अरु कसैले बिगार्न, फेर्न वा कुनै प्रकारले नष्ट गर्न हुदैन ।

(११) कुनै ग्राहक कहां अगाडि जडान भैसकेको विद्युत लाईन तथा उर्जामापक यन्त्र पारक पर्दो अन्य ठाउंमा ग्राहकले सार्न चाहेमा नियम ३४ बमोजिमको दस्तुर लिई अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकको विद्युत लाईन तथा उर्जामापक यन्त्र सार्न पर्नेछ ।

(१२) ग्राहकले अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत लाइन, उर्जामापक यन्त्र, कट–आउट वा सर्किटब्रेकर बिगार्नु हुदैन ।

३०. <u>ग्राहकको विवरण तथा सूची तयार गर्ने</u>: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई विद्युत लाइन उपलब्ध गराउने सम्बन्धमा तयार पारेको विवरण सुरक्षितसाथ राख्नु पर्नेछ र निरीक्षकले आफ्नो जांचबुझको सिलसिलामा उक्त विवरण हेर्न चाहेमा देखाउनु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विद्युत वितरण गरेको क्षेत्र भित्र विद्युत उपभोग गरी रहेका ग्राहकहरुको तथा नयाँ ग्राहक हुन चाहने व्यक्तिहरुको सूची अद्यावधिक रुपमा तयार गरी राख्नु पर्नेछ ।

३१. <u>अरुलाई विद्युतको लाइन दिन नहुने</u>: ग्राहकले आफ्नो उर्जामापक यन्त्रबाट अरुको घरमा विद्युत लाइन दिन हुदैन ।

३२. <u>सडक वा सार्वजनिक स्थानको बत्ति सम्बन्धी व्यवस्था बमोजिम हुने</u>: सडक वा सार्वजनिक स्थानमा जडान गरको बिजुली बत्तीको मर्मत, बर्दत तथा संभार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वापत लाग्ने सर्त सो बिजुली बत्ती जडान गराउने ग्राहक र अनुमतिपत्र प्राप्त व्यक्तिको बीचमा भएको सम्झौता बमोजिम हुनेछ ।

३३. <u>महसूल तथा अन्य दस्तुर बुझाउनु पर्ने</u>: विद्युत सेवा उपभोग गरे वापत ऐनको दफा १७ अनुसार गठित महसूल निर्धारण आयोगले निर्धारण गरेको विद्युत महसूल तथा अन्य दस्तुर बुझाउनु प्रत्येक ग्राहकको दायित्व हुनेछ ।

(२) उपनियम (१) बमोजिमको महसूल बुझाउनु पर्ने म्याद अनुमतिपत्र प्राप्त व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ । यसरी म्याद निर्धारण गर्दा निर्धारित समय भन्दा अगाडी महसूल बुझाउने ग्राहकले पाउन सक्ने छुट र निर्धारित समय भित्र महसूल नबुझाउने ग्राहकले तिर्नु पर्ने अतिरिक्त महसूल दर समेत स्पष्ट रूपमा खुलाई दिनु पर्नेछ ।

३४. <u>अन्य दस्तुर</u>: अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपलब्ध गर्ने व्यक्तिसंग विद्युत महसूलको अतिरिक्त ऐनको दफा १६ को उपदफा (२) बमोजिम देहायको सेवा वापत अन्य दस्तुर असूल उपर गर्न सक्नेछ:-

(क) विद्युत लाइन जडान गर्दा,
(ख) एक ठांउबाट अर्को ठांउमा उर्जा मापक यन्त्र सार्दा,
(ग) एक पटक जडान भएको विद्युत लाइन काटी पुनः विद्युत लाईन जडान गर्दा,
(घ) उर्जा मापक यन्त्र रहेको बाकस भित्रको फिउज बदल्दा,
(ङ) सिल टुटेकोमा नयां सिल लगाउंदा,
(च) ग्राहकको नामसारी गर्दा,
(छ) उर्जा मापक यन्त्र जांच गर्दा,
(ज) ग्राहक कार्ड उपलब्ध गराउंदा ।

३५. <u>उर्जामापक यन्त्र राख्नु पर्ने</u>: १००० किलोवाट भन्दा बढी विद्युत शक्ति उत्पादन गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले अनिवार्य रूपले उर्जामापक यन्त्र राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
399

३६. विद्युत परिपथ (सर्किट) को डिजाइन तथा निर्माण बारे: विद्युत उत्पादन केन्द्र वा मुख्य सब-स्टेशनबाट सबैभन्दा टाढासम्मको वितरण परिवर्तक यन्त्रसम्मको लाइन डिजाइन तथा निर्माण गर्दा परिवर्तक यन्त्रबाट पठाउनु पर्ने भोल्टेज स्तरयुक्त हुने किसिमबाट विद्युत परिपथ (सर्किट) को प्राविधिक नोक्सानी मापि समेत विचार पुऱ्याई डिजाइन तथा निर्माण गर्नु पर्नेछ ।

३७. खतरा उत्पन्न भएमा सूचना दिनु पर्ने: ग्राहक कहां जडान गरिएको विद्युतबाट खतरा उत्पन्न भएमा वा हुने संभावना देखिएमा ग्राहकले अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यालयमा यथाशीघ्र सूचना दिनु पर्नेछ ।

३८. विद्युत लाइनको जाँचबुझ तथा मर्मत: (१) नियम ३७ बमोजिम सूचना प्राप्त भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले यथाशिघ्र प्राविधिक खटाई खतरा निवारण गर्ने कार्य गर्नु पर्नेछ ।

(२) उप नियम (१) बमोजिमको सूचना प्राप्त नभएपनि अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विद्युत वितरण गरेको क्षेत्र भित्रको ग्राहक कहां जडान भएको विद्युत लाइनको समय समयमा विद्युत प्राविधिकबाट जांचबुझ तथा मर्मत गर्न लगाई सुरक्षात्मक व्यवस्था कायम गराउनु पर्नेछ ।

३९. पुनः विद्युत लाईन दिने: ऐनको दफा १९ को खण्ड (ग) वा (घ) बमोजिम विद्युत सेवा बन्द गरिएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले निर्धारण गरेको रकम ग्राहकले बुझाएमा पुनः विद्युत लाइन दिइनेछ ।

मुद्रण विभाग प्रमाणित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद – ४

विद्युतको भोल्ट, फ्रिक्वेन्सी तथा पावर फ्याक्टर

४०. सप्लाई भोल्टेज: (१) सप्लाई भोल्टेजको स्तर देहाय बमोजिम कायम गर्नु पर्नेछ:–

(क) साधारण ग्राहकको लागि विद्युत सेवा ए.सी. सिंगल फेजमा २३० भोल्ट र थ्री फेजमा ४०० भोल्ट ।

(ख) ए.सी. थ्री फेज चार तारमा सप्लाई बाहनेलाई २३०/४०० भोल्ट ।

(२) उप–नियम (१) को खण्ड (क) र (ख) मा उल्लेखित भोल्टको स्तरमा ५ प्रतिशत भन्दा घटी वा बढी गर्न पाइने छैन ।

४१. हाई भोल्टेज वितरण प्रणाली: (१) हाई भोल्टेज वितरण प्रणालीमा देहाय बमोजिमको भोल्टेज स्तर कायम गर्नु पर्नेछ:–

(क) ३,३०० भोल्ट,
(ख) ६,६०० भोल्ट,
(ग) ११,००० भोल्ट,
(घ) २२,००० भोल्ट, र
(ङ) ३३,००० भोल्ट ।

(२) उप–नियम (१) को खण्ड (क) देखी (ङ) सम्म उल्लेखित भोल्टको स्तरमा ५ प्रतिशत भन्दा घटी वा बढी गर्न पाइने छैन ।

४२. हाई भोल्टेज प्रसारण प्रणाली: हाई भोल्टेज प्रशारण प्रणालीमा देहाय बमोजिमको भोल्टेज स्तर कायम गर्नु पर्नेछ:–

(क) ३३,००० भोल्ट,
(ख) ६६,००० भोल्ट,
(ग) १,३२,००० भोल्ट,
(घ) २,२०,००० भोल्ट, र
(ङ) ४,००,००० भोल्ट ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) को खण्ड (क) देखी (ङ) सम्म इन्सेसिन भोल्टको स्तरमा १० प्रतिशत भन्दा घटी वा बढी गर्न पाइने छैन ।

४३. <u>फ्रिक्वेन्सी</u>: (१) फ्रिक्वेन्सीको स्तर ५० साइकल प्रति सेकेण्ड (५० हर्ज) कायम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कायम गरिएको फ्रिक्वेन्सीको स्तरमा २.५ प्रतिशत भन्दा घटी वा बढी गर्न पाइने छैन ।

४४. <u>पावर फ्याक्टर</u>: पावर फ्याक्टरको स्तर देहाय बमोजिम कायम गर्नु पर्नेछ:-

(क) ग्राहककहां सप्लाई गरेको विद्युतको पावर फ्याक्टर ०.८ ल्यागिंग भन्दा घटी वा एक इकाई भन्दा बढी लिडिंग हुन दिनु हुंदैन ।

(ख) विद्युत प्रसारण तथा वितरण प्रणालीमा पावर फ्याक्टर खण्ड (क) बमोजिमको स्तरभित्र राख्नको लागि सुहाउंदो साधनको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) ग्राहकको विद्युत सम्बन्धी पावर फ्याक्टर खण्ड (क) बमोजिमको स्तर अनुसार नभएमा अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो ग्राहकलाई सुहाउंदो खालको साधन राख्न लगाउन सक्नेछ ।

४५. <u>विद्युत सम्बन्धी विभिन्न स्तरको नाप गर्ने इकाई</u>: विद्युत सम्बन्धी विभिन्न स्तरको नाप गर्ने इकाई देहाय बमोजिम कायम गर्नु पर्नेछ:-

(क) करेन्टको नाप गर्दा मिली एम्पीयर, एम्पीयर वा किलोएम्पीयरमा,
(ख) भोल्टको नाप गर्दा मिली भोल्ट, भोल्ट वा किलोभोल्टमा,
(ग) रेजिष्टान्सको नाप गर्दा ओहम, किलोओहम वा मेगाओहममा,
(घ) इन्डक्टायन्सको नाप गर्दा हेनरी, मिलि हेनरी वा किलोहेनरीमा,
(ङ) क्यापासिटायन्सको नाप गर्दा माइक्रोफ्याराड, मिलीफ्याराड वा फ्याराडमा,
(च) शक्तिको नाप गर्दा वाट, किलोवाट वा मेगावाटमा,
(छ) उर्जाको नाप गर्दा किलोवाट घण्टा, मेगावाट घण्टा, गिगावाट घण्टामा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

398

(ज) भोल्ट एम्पीयरको नाप गर्दा भि.ए., के.भि.ए. वा एम.भि.ए. मा,

(झ) रिआक्टीभ शक्तिको नाप गर्दा भि.ए.आर., के.भि.ए.आर, वा एम.भि.ए.आर. मा ।

४६. स्तर कायम गर्नु पर्ने: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत उत्पादन, प्रशारण वा वितरण गर्दा विद्युतको भोल्टेज, फ्रिक्वेन्सी तथा पावर फयाक्टर यस परिच्छेदमा उल्लेख भएको स्तरमा गर्नु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम भएको नदेखिएमा त्यस्तो प्रणालीमा सुधार गर्न निरीक्षकले सम्बन्धित प्रतिष्ठानको अवस्था विचार गरी अनुमती पत्र प्राप्त व्यक्तिलाई आवश्यक म्याद दिनेछ र सो म्याद भित्र विद्युत प्रणालीलाई ठीक तुल्याउनु अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

४७. हद घटघट गर्न सक्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस परिच्छेदमा उल्लेखित विद्युतको भोल्ट, फ्रिक्वेन्सी तथा पावर फाक्टरका स्तरको हदहरू प्राविधिक दृष्टिकोणले खतरा नपुग्ने गरी घटघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

परिच्छेद – ५

विद्युत उपकरणहरूको सुरक्षा सम्बन्धी व्यवस्था

४८. भुईंदेखि बिजुलीको तारसम्म हुनु पर्ने न्यूनतम दूरी: (१) विद्युत वितरण तथा प्रसारण प्रणालीको विभिन्न भोल्टको विद्युत तार तथा भुईंको बीचमा रहने दूरी अनुसूची १२ मा लेखिएको भन्दा कम हुनु हुंदैन ।

(२) सडक वारि तथा सडकको छेउमा विद्युत लाइन लैजानु परेमा उपयुक्त प्राविधिक दृष्टिकोण अपनाई लैजानु पर्नेछ ।

(३) ३३,००० भोल्ट भन्दा बढी भोल्टको लाइन लैजानु आवश्यक भएमा अनुसूची १२ मा उल्लेखित ३३,००० भोल्टको लागि तोकिएको न्यूनतम दूरीमा प्रत्येक ३३,००० भोल्टको लागि थप ०.३०५ मिटरको दूरीमा लैजानुपर्छ ।

४९. सडकको वारपार विद्युत लाइन लैजाने सम्बन्धमा: घनाबस्ती भएको ठाउंमा ११,००० भोल्ट भन्दा बढी क्षमताको विद्युत लाइन सडकको वारपार गर्नु पर्दा डबल इन्सुलेटर प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

५०. विद्युत लाइनको दायाँ बायाँ हुनु पर्ने फरक: (१) विद्युत प्रसारण तथा वितरणको लाइन लैजानु पर्दा घर वा रूखबाट अनुसूची १३ मा उल्लेखित दूरीभन्दा कम दूरीमा लैजानु हुंदैन ।

(२) ३३,००० भोल्ट भन्दा बढी भोल्टको लाइन लैजानु आवश्यक भएमा अनुसूची १३ मा उल्लेखित ३३,००० भोल्टको लागि तोकिएको न्यूनतम दूरीमा प्रत्येक ३३,००० भोल्टको लागि ०.३०५ मिटर थप गरी लैजानु पर्नेछ ।

५१. विद्युत लट्ठाहरूको बीचमा हुनु पर्ने फरक: (१) विद्युत लट्ठाहरूको एक अर्को बीचको दूरी कायम गर्दा बिजुलीको तारको अन्तिम टेनसाइल स्ट्रेन्थ, फ्याक्टर अफ सेफ्टी तथा भुईंबाट तारसम्म हुने दूरी समेत विचार गरि लठ्ठा गाड्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२. <u>घर माथिबाट विजुली लाईन लैजान नहुने</u> : घर माथिबाट कुनै किसिमको विद्युत लाइन लैजानु हुदैन ।

तर ग्यारेज, टहरा वा पर्खाल माथिबाट विद्युत लाइन लैजान आवश्यक परेमा ४००।२३० भोल्टसम्मको लाइन लैजान सकिने छ । यसरी लगिएको विद्युत लाइन ग्यारेज, टहरा वा पर्खालको सबैभन्दा अग्लो ठाउंबाट कम्तिमा ३ मिटरको दूरीमा पर्ने गरी लैजानु पर्नेछ ।

५३. <u>एउटै लट्ठाबाट विभिन्न भोल्टेजको लाइन लैजाने सम्बन्धमा</u>: (१) एउटै लट्ठाबाट विभिन्न भोल्टेजको लाइनहरु लैजांदा हाई भोल्टेजको लाइन माथिबाट र लो भोल्टेजको लाइन तलबाट अडान गरी लैजानु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाइन अडान भएकोमा लो भोल्टेजको तारमा हाई भोल्टेजको तारबाट कुनै प्रकारको लिकेज वा अन्य कुनै किसिमबाट खतरा वा चार्ज हुन नपाउने गरी अडान गर्नु पर्नेछ ।

(३) हाई भोल्टेज तथा लो भोल्टेजको तारको बीचमा प्राविधिक दृष्टिकोणले रहनु पर्ने फरक कायम गर्नु पर्नेछ ।

५४. <u>विमानस्थलतिर विद्युत लाईन लैजाने सम्बन्धमा</u>: विमानस्थल तिर विद्युत लाइन लैजान सम्बन्धित विमानस्थल प्रमुख संग छलफल गरी निर्णय भए अनुसार लैजानु पर्नेछ ।

५५. <u>विद्युत लाईन र टेलिफोन लाइन नजिकबाट लैजाने सम्बन्धमा</u>: विद्युत लाइनको नजीकबाट टेलिफोन लाइन वा टेलिफोन लाइनको नजीकबाट विद्युत लाइन लैजानु परेमा अनुमतिपत्र प्राप्त व्यक्ति तथा सम्बन्धित दूर संचार निकाय बीच आपसमा छलफल गरी विद्युत वा टेलिफोन लाइनलाई प्राविधिक दृष्टिकोणबाट बाधा वा चार्ज नहुने गरी लैजानु पर्नेछ ।

५६. <u>आकाश विजुलीबाट बचावट</u>: अनुमतिपत्र प्राप्त व्यक्तिले सुहाउंदो ठांउहरुमा आकाश विजुलीबाट हुने नोक्सानी र विद्युत शक्तिको घटबढ हुन नदिनको लागि आकाश विजुली रक्षक यन्त्र वा अरु सुहाउंदो साधनको व्यवस्था गरी उक्त साधनहरुबाट आकाश विजुलीको भूयोजन हुने व्यवस्था समेत गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५७. अदली बदली संचालन यन्त्र (चेन्ज ओभर स्वीच) राख्नु पर्ने: आकस्मिक प्रयोगको लागि विद्युत उत्पादन यन्त्र राख्ने प्रत्येक व्यक्तिले सो यन्त्र राख्ने ठाउंमा अनुमतिपत्र प्राप्त व्यक्तिको सल्लाह अनुसार अदली बदली संचालन यन्त्र राख्नु पर्नेछ ।

५८. भूयोजन गर्नु पर्ने: (१) हाइ भोल्टेज प्रसारण प्रणाली अन्तर्गत सबै प्रकारका धातु निर्मित सपोर्टहरू लाई अविच्छिन्न अर्थ वायर प्रयोग गरी स्थाई तथा प्रभावकारी भूयोजन गर्नु पर्नेछ ।

(२) प्रसारण तथा वितरण प्रणालीको सपोर्टहरूमा प्रयोग हुने स्टे वायरमा भूईंबाट ३ मीटर उचाई भन्दा घटी नहुने गरी इन्सुलेटर राख्नु पर्नेछ ।

५९. कटआउट राख्नु पर्ने: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकको घरमा जडान गरिने उर्जामापक यन्त्रको साथमा सुरक्षा तथा लोड लिमिटको हिसाबले कटआउट वा सर्किट ब्रेकर जडान गरी उर्जामापक यन्त्रसंग सिल गरी राख्नु पर्नेछ ।

(२) उर्जामापक यन्त्रको नजीकै ग्राहकको तर्फबाट एउटा आइसोलेटीङ्ग स्विच जडान गर्नु पर्नेछ ।

६०. ग्राहककहां प्रयोग गरिने विद्युत सामग्रीको भूयोजन: (१) ग्राहकको घरभित्र प्रयोग गरिने वाटर-हिटर, वातानुकूलीत यन्त्र (एयर-कन्डिसनर) जस्ता उपकरणहरू जडान भइसकेकोमा त्यस्ता उपकरणहरूको लागि छुट्टै सुहाउंदो विद्युत परिपथ (सर्किट) बाट विद्युत आपूर्ति गरी भूयोजनको व्यवस्था गर्नु पर्नेछ ।

(२) ग्राहककहां विभिन्न किसिमको धातु मिसिएको विद्युत सामग्री प्रयोगमा ल्याउने भएमा थ्रीपिन प्लग सकेट प्रयोग गर्नु पर्नेछ र यस्तो प्लग सकेट भूयोजन प्रणालीसंग जोड्नु पर्नेछ ।

(३) ग्राहककहां जडान गरिएको भूयोजन प्रणाली प्राविधिक विधि अनुसारको हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१. <u>आन्तरिक वायरिङ्गको सुरक्षा</u>: ग्राहकले आफ्नो आन्तरिक वायरिङ्गको सुरक्षाको लागि राखेको विद्युत सामानहरू तथा वायरिङ्ग प्रचलित प्राविधिक मापदण्ड बमोजिम हुनु पर्नेछ ।

६२. <u>इन्सुलेशन भएको तार प्रयोग गर्नु पर्ने</u>: ग्राहकको घरमा विद्युत लाइन लैजादां इन्सुलेशन भएको तारको प्रयोग गर्नु पर्नेछ ।

६३. <u>विद्युतको लाइन लट्ठाबाट दिनु पर्ने</u>: (१) ग्राहकको घरमा विद्युत लाइन दिंदा विद्युतको लट्ठाबाट मात्र दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि इन्सुलेटेड केवुलबाट ग्राहकको घरमा विद्युत लाइन दिनु पर्दा प्रचलित प्राविधिक मापदण्ड बमोजिमको सुरक्षाको व्यवस्था गरी दिनु पर्नेछ ।

६४. <u>२३०/४०० भोल्टमा चिकेजको सतह</u>: २३०/४०० भोल्टको विद्युत प्रणाली तथा वायरिङको इन्सुलेशन रेजिस्टायन्स कम्तिमा ५ मेगाओहम हुनु पर्नेछ ।

६५. <u>हाई भोल्टेजमा लिकेजको सतह</u>: (१) ३,३०० भोल्टको विद्युत प्रणालीको इन्सुलेशन रेजिस्टायन्स कम्तिमा २० मेगाओहम हुनु पर्नेछ ।

(२) ३,३०० भोल्ट भन्दा माथि प्रत्येक थप १००० भोल्टको विद्युत प्रणालीको इन्सुलेशन रेजिस्टायन्सको हिसाब गर्दा २० मेगाओहममा १ मेगाओहम थप गरी इन्सुलेशन रेजिस्टायन्सको हिसाब गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम इन्सुलेशन रेजिस्टायन्स नभएको विद्युत प्रणाली संचालन गर्न हुंदैन ।

६६. <u>विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी निर्माण स्थलको वरीपरि घरजग्गा प्रयोग गर्न निषेध गर्न सक्ने</u>: (१) ऐनको दफा ३३ को उपदफा (३) को प्रयोजनको लागि विद्युतको उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य भएकोमा त्यस्तो निर्माण कार्य भएको ठाउं वा सो ठाउंको वरीपरीको निश्चित दूरी भित्र पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निषेध गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विद्युत प्रसारण वा वितरण गर्नको लागि जडान गरेको विद्युत लाइन मुनी तथा त्यस्तो लाइनको दायाँ बायाँ अनुसूची १२ र १३ मा उल्लेखित दूरी भित्र घर बनाउन वा रूख रोप्न हुँदैन ।

६७. <u>विद्युत उपकरणको गुणस्तर तथा उपयोग गर्ने तरिका</u>: अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी काम गर्दा प्रयोग गरिने विद्युत उपकरणको गुणस्तर तथा सुरक्षाको दृष्टिकोणले देहायका कुराहरू पालन गर्नु पर्नेछः–

(क) राम्रो गुणस्तरको उपकरण तथा सामग्रीको प्रयोग गर्नु पर्ने,

(ख) कुनै नयाँ प्रतिष्ठान संचालन गर्दा वा भैरहेको प्रतिष्ठानलाई मर्मत सुधार गरी पुनः सन्चालन गर्दा प्राविधिक दृष्टिकोणबाट गर्नु पर्ने सम्पूर्ण परिक्षण गरी ठीक देखिएमा मात्र संचालन गर्नु पर्ने,

(ग) विद्युतका तारहरू जुन कामको लागि प्रयोग गरिने हो सो कामको लागि उपयुक्त क्षमता भएको हुनुपर्ने,

(घ) विद्युत तार जोड्दा खतरा उत्पन्न नहुने किसिमबाट मान्य प्राविधिक मापदण्ड बमोजिम गर्नु पर्ने,

(ङ) भूमिगत तारको ज्वाइन्ट बक्स, मेटालिक कन्ड्यूट ज्वाइन्ट र मेटालिक सिथको ज्वाइन्टहरू आवश्यक परेको समयमा सजिलै संग निरीक्षण गर्न सकिने गरी जडान भएको हुनु पर्ने,

(च) विद्युत सम्बन्धी परिपथ (सर्किट) वा उप–परिपथ (सब–सर्किट) मा तोकिएको करेन्टभन्दा बढी करेन्ट प्रवाह हुन गएमा त्यस्तो सर्किट वा सब–सर्किटको हानी नोक्सानी हुन नपाउने गरी विद्युत करेन्टको प्रवाह बन्द गर्ने फ्यूज वा सर्किट ब्रेकर वा अन्य सुहाउँदो उपकरणहरू जडान गर्नु पर्नेछ । यस्ता उपकरणहरू सन्चालन हुँदा अत्यधिक गरम नहुने, स्पार्क नगर्ने, तथा बदक्दा खतरा नहुने किसिमको हुनु पर्ने,

(छ) सिङ्गल फेज स्वीच लाइन तारमा बाहेक न्यूट्रल तारमा लगाउनु हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद – ६

विद्युत सम्बन्धी कामको सुरक्षात्मक व्यवस्था

६८. सावधानी सूचनापाटी: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका सरसामानमा नेपाली तथा अंग्रेजीमा लेखिएको सावधानी सूचनापाटी राख्नु पर्नेछ:–

(क) मोटर, जेनरेटर, परिवर्तन यन्त्र (ट्रान्सफरमर) र अन्य प्रकारको विद्युत प्रतिष्ठान तथा त्यसलाई संचालन वा नियन्त्रण गर्ने सरसामान,

(ख) ४०० भोल्टभन्दा माथिल्लो भोल्टको विद्युत लाइनको लट्ठामा र एक्सरे बल्ने ट्यूव भएको लाइन-बोर्डमा वा त्यस्तो उच्च फ्रिक्वेन्सी भएको प्रतिष्ठानहरू ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सबै विद्युत सामग्री वा प्रतिष्ठानमा सावधानी सूचनापाटी राख्न नसकिने भएमा त्यस्तो सरसामानको नजिकमा वा त्यस्तो सामग्री रहेको ठाउँमा वा प्रवेशद्वारमा राख्नु पर्नेछ ।

६९. विद्युत सप्लाई बन्द गर्नु पर्ने: (१) विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि जडान गरिएको उपकरणहरूको जांचबुझ, मरमत वा अन्य कुनै महत्वपूर्ण कार्य गर्नु परेमा विद्युत सप्लाई बन्द गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक दृष्टिकोणबाट पूर्ण सुरक्षित तरिकाले काम गर्न सकिने भएमा विद्युत सप्लाई बन्द गर्नु अनिवार्य हुने छैन ।

(३) उप-नियम (१) बमोजिमको कार्य पुरा गरी विद्युत लाईन पुनः संचालन गर्दा उत्पन्न हुन सक्ने खतरा माथि राम्ररी ध्यान दिई मात्र संचालन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

229

७०. भोल्टेज टेष्टिङ तथा लाइन प्रयोजनः विद्युत लाइनको मर्मत संभार गर्नु पर्दा विद्युत प्रवाह टेष्टरद्वारा भोल्टेज नभएको एकिन भए पछि मात्र प्रयोजन गरि मर्मत तथा संभार कार्य गर्नु पर्नेछ ।

७१. इन्सुलेशन भएको पंजा लगाउनेः विद्युतको जिवित लाइन भएको ठाउँमा कुनै काम गर्दा इन्सुलेशन भएको पन्जा लगाएर मात्र काम गर्नु पर्नेछ ।

७२. करेन्ट लाग्दा प्राथमिक उपचार सम्बन्धी सूचनाः (१) विद्युत करेन्ट लाग्दा गर्नु पर्ने प्राथमिक उपचार सम्बन्धी क्रियाको विवरण नेपाली भाषामा स्पष्ट रुपले बुझ्ने गरी आफ्नो प्रतिष्ठानमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानको स्वामित्व भएको व्यक्तिले आफ्नो प्रतिष्ठानमा विद्युत संचालन तथा मर्मत संभार गर्ने कर्मचारीलाई उपनियम (१) बमोजिम प्राथमिक उपचार सम्बन्धमा तालीम दिनु अनिवार्य हुनेछ ।

७३. सुरक्षा पेटीः कुनै उच्च स्थानमा वा बिजुलीको लट्ठामा काम गर्ने कामदारहरुलाई सुरक्षा पेटी लगाउन दिएर मात्र काम लगाउनु पर्नेछ ।

७४. दुर्घटनाको सूचनाः (१) प्रतिष्ठानमा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची–१४ बमोजिमको ढाँचामा विस्तृत विवरण सुलाई विद्युत निरीक्षक समक्ष पठाउनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम विवरण प्राप्त भएपछि यस्तो दुर्घटनाको कारण पत्ता लगाउन विद्युत निरीक्षकले आवश्यक निरीक्षण गर्न सक्ने छ र प्राविधिक दृष्टिकोणबाट यस्तो दुर्घटना नदोहरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ । त्यस्तो आदेशको पालना गर्नु अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद – ७

निरीक्षण तथा जाँचबुझ सम्बन्धी व्यवस्था

७५. निरीक्षक एवं कर्मचारी सम्बन्धी व्यवस्था: (१) ऐनको दफा ३७ को प्रयोजनको लागि श्री ५ को सरकारले प्रमुख विद्युत निरीक्षक तथा आवश्यकतानुसार अन्य विद्युत निरीक्षकहरूको नियुक्ति गर्न सक्नेछ ।

(२) प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकको काममा सहायता गर्न श्री ५ को सरकारले अन्य आवश्यक कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

७६. निरीक्षकको लागि चाहिने योग्यता: (१) इन्जिनियरिङमा स्नातकोपाधि प्राप्त गरी कम्तिमा दश वर्षसम्म विद्युत क्षेत्रमा अनुभव भएको व्यक्ति प्रमुख विद्युत निरीक्षकको पदमा नियुक्त हुन सक्नेछ ।

(२) इन्जिनीयरिंगमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति विद्युत निरीक्षकको पदमा नियुक्त हुन सक्नेछ ।

७७. निरीक्षकको अधिकार: (१) नियम ७५ बमोजिम नियुक्त भएको निरीक्षकले अनुमतिपत्र प्राप्त व्यक्तिको प्रतिष्ठानको जाँचबुझ गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझको सिलसिलामा निरीक्षकलाई आवश्यक सहयोग गर्नु र निजले सोधेको सबै कुराको जवाफ दिनु अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकको कर्तव्य हुनेछ ।

७८. नयाँ प्रतिष्ठानको जाँचबुझ गर्न निरीक्षक खटाउने: अनुमतिपत्र प्राप्त व्यक्तिले खडा गरेको नयाँ प्रतिष्ठानको जाँचबुझ प्रमुख विद्युत निरीक्षक आफैंले वा निजले खटाएको कुनै निरीक्षकले गर्न सक्नेछ ।

७९. चालू प्रतिष्ठानको जाँचबुझ: अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो चालू प्रतिष्ठानको प्रत्येक वर्षमा जाँचबुझ गराई त्यसको प्रमाणपत्र लिई राख्नु पर्नेछ ।

८०. निरीक्षकको आदेश पालन गर्नु पर्ने: (१) विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण सम्बन्धमा ऐन तथा यस नियमावलीको अधिनमा रही निरीक्षकले दिएको आदेश अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने अनुमतिपत्र प्राप्त व्यक्तिले सचिव समक्ष उजूर गर्न सक्नेछ र तत्सम्बन्धमा निजले दिएको आदेश अन्तिम हुनेछ ।

८१. <u>ठीक विद्युत सामग्री वा प्रणालीको जाँच</u>: निरीक्षकले जाँचबुझ गरी बेठीक ठहर गरेको विद्युत सामग्री वा प्रणाली ठीक गरी पुनः संचालन गर्नको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निरीक्षक समक्ष दरखास्त दिनु पर्नेछ। निरीक्षकले विद्युत सामग्री वा प्रणालीको जाँच गरी ठीक देखिएमा त्यस्तो विद्युत सामग्री वा प्रणाली पुनः संचालन गर्न अनुमति दिनेछ ।

८२. <u>जाँचबुझको दस्तुर</u>: अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकले यो नियमावली बमोजिम निरीक्षकद्वारा कुनै कुराको जाँचबुझ गराउन आवश्यक देखेमा प्रमुख विद्युत निरीक्षक समक्ष निवेदन दिन सक्नेछ । त्यसरी जाँचबुझ गराउँदा अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

तर, प्रमुख विद्युत निरीक्षकबाट सामान्य रूपले खटी आएको निरीक्षकबाट आफ्नो चालू प्रतिष्ठानको जाँचबुझ गराउँदा कुनै जाँचबुझ दस्तुर बुझाउनु पर्ने छैन ।

८३. <u>जाँचबुझको परिणामको सूचना</u>: निरीक्षकले जाँच गर्दा विद्युत सामग्री वा प्रणाली ठीक देखिएमा त्यसको सूचना सम्बन्धित व्यक्तिलाई दिनु पर्छ र ठीक नदेखिएमा त्यस्तो विद्युत सामग्री वा प्रणालीको मर्मत सुधार, हेरफेर वा संचालन बन्द गर्न लिखित आदेश दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

328

परिच्छेद – ८

विविध

८४. <u>जलविद्युत सम्बन्धी निर्माण कार्यको लागि सुरक्षात्मक शर्तहरू तोक्न सक्ने:</u> श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विद्युत उत्पादनको लागि आवश्यक पर्ने बांध, विद्युत गृह एवं अन्य संरचनाहरूको डिजाइन तथा निर्माण गर्दा अपनाउनु पर्ने उपायहरू र जलाशय हुने विद्युत उत्पादन केन्द्रहरूको निर्माण सम्बन्धी सुरक्षात्मक शर्तहरू तोक्न सक्नेछ ।

८५. <u>विवरणहरू जानकारीमा ल्याउनु पर्ने:</u> विद्युतको उत्पादन, प्रशारण वा वितरणको कार्य शुरू गर्नु अघि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको नक्कल, विद्युत उत्पादन, प्रशारण वा वितरण गरिने क्षेत्रको नक्शा, विद्युत वितरणको सम्बन्धमा ग्राहक र अनुमतिपत्र प्राप्त व्यक्तिको बीचमा कायम हुने सम्बन्ध र अन्य शर्तहरू समेत सो लिएको विवरणहरू आफ्नो सम्बन्धित कार्यालयमा सर्वसाधारणले थाह पाउने गरी राख्नु पर्नेछ ।

८६. <u>वासस्थान र बोनस सम्बन्धी व्यवस्था:</u> (१) ऐनको दफा १५ को प्रयोजनका लागि अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रशारण वा वितरणको काममा संलग्न कामदार तथा कर्मचारीको वासस्थानको प्रबन्ध गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दुई प्रतिशतका दरले हुन आउने रकम छुट्याई सम्बन्धित कामदार तथा कर्मचारीलाई बोनस वितरण गर्नु पर्नेछ ।

तर त्यसरी वितरण गरिने बोनस कर्मचारीले खाइपाई आएको वार्षिक तलबको रकम भन्दा बढी हुने छैन ।

(३) उप–नियम (२) बमोजिम बोनसको लागि छुट्याइएको रकम मध्ये वितरण गरी बाँकी हुन आउने रकम अनुमतिपत्र प्राप्त व्यक्तिले कर्मचारी कल्याण कोष खडा गरी सो कोषमा दाखिला गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-नियम (३) बमोजिमको कोषको संचालन अनुमतिपत्र प्राप्त व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस नियमावलीमा उल्लेख भए देखि बाहेक बोनस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

८७. क्षतिपूर्ति दिइने: (१) ऐनको दफा ३३ को उपदफा (३) तथा नियम ६६ को प्रयोजनको लागि निर्धारित दूरीमा घर जग्गा उपभोग गर्न नपाएमा त्यस्ता घर जग्गाधनीलाई नियम ८८ बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिमको एकमुष्ट क्षतिपूर्ति रकम श्री ५ को सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दिइने क्षतिपूर्ति यो नियमावली प्रारम्भ भएपछि निर्माण गरिने विद्युत सम्बन्धी निर्माण कार्यको हकमा मात्र लागू हुनेछ ।

(३) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा क्षतिपूर्ति रकम दिइने छैन:-

(क) जग्गाधनीलाई बिजुली उपलब्ध गराउन जडान भएको सर्भिस लाइन मुनिको जग्गा भएमा, वा

(ख) शहरी वा ग्रामीण क्षेत्रमा घनाबस्ती भै घरहरु आपसमा टाँसिइ रहेकोमा एउटा घरबाट अर्को घरमा विद्युत लाईन लैजाँदा बाटोमा पर्ने अन्य कुनै घरको भित्ताबाट मेन लाइन लगिएमा ।

८८. क्षतिपूर्ति निर्धारण समिति: (१) ऐनको दफा २८ र २९ बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्यहरु भएको एक क्षतिपूर्ति निर्धारण समिति गठन हुनेछ :-

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति ———————— अध्यक्ष

(ख) विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्ने सम्बन्धित व्यक्ति वा संगठित संस्थाको प्रतिनिधि ———————— सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) विद्युत क्षेत्रसंग सम्बन्धित श्री ५ को सरकारले तोकेको विशेषज्ञ ——— सदस्य

(२) ऐनको दफा ३२, ३३ र नियम ८७ बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्न उपनियम (१) मा तोकिएको समितिमा देहायका व्यक्तिहरु समेत सदस्य रहनेछन्:–

(क) नोक्सानी भएको अचल सम्पत्तिको धनी वा निजको प्रतिनिधि– सदस्य
(ख) नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्बन्धित मालपोत कार्यालयको प्रतिनिधि ——— सदस्य
(ग) नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्बन्धित गांउ विकास समिति वा नगरपालिकाको प्रतिनिधि ——— सदस्य

(३) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा वास्तविक हानी नोक्सानीको रकम निर्धारण गर्ने नीति अवलम्बन गर्नु पर्नेछ ।

(४) क्षतिपूर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले निर्धारण गर्न सक्नेछ ।

८९. अधिकारी तोकिएको: ऐनको दफा ४ को उपदफा (५) दफा ८ तथा दफा ३८ को उपदफा (१), (२) र ३ को प्रयोजनको लागि सचिवलाई अधिकारी तोकिएको छ ।

९०. लेखा परिक्षणको विवरण: अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रशारण वा वितरण गर्दा भएको आय–व्ययको लेखा सहा गरी प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखा अर्को आर्थिक वर्षको ६ महिना भित्र विद्युत विकास केन्द्र समक्ष पेश गर्नु पर्नेछ ।

९१. वार्षिक प्रतिवेदन: (१) विद्युत उत्पादन, प्रशारण वा वितरण गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत उत्पादन, प्रशारण वा वितरण शुरु गरे पछि विद्युत विकास केन्द्र समक्ष वार्षिक प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा प्रत्येक महिनामा विभिन्न विद्युत गृहबाट उत्पादित युनिट, ग्राहकको किसिम छुट्टिने गरी वितरित युनिट, प्रतिष्ठानको आन्तरिक उपयोग, चुहावट, लोड तथा क्यापासिटी फ्याक्टर, मासिक अधिकतम माग र नमूना लोडफर्म समेत उल्लेख गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3226

१२. विद्युत प्रणालीको प्रयोगः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल अधिराज्यको कुनै भागमा उत्पादन गरेको विद्युत विद्यमान विद्युत प्रणालीको त्यस भागमा रहेको कुनै बिन्दुमा आपूर्ति गरी अधिराज्यको अर्को भागमा रहेको विद्युत प्रणालीको कुनै बिन्दुबाट प्राविधिक दृष्टिकोणले उपयुक्त भएमा विद्युत लिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम विद्युत प्रणालीको स्वामित्व रहेको व्यक्ति वा संगठीत संस्थाले अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्राविधिक दृष्टिकोणले उपयुक्त भएमा आफ्नो विद्युत प्रणाली प्रयोग गर्न दिनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम विद्युत आपूर्ति गर्दा त्यस्तो विद्युत प्रणालीको स्वामित्व रहेको व्यक्ति वा संगठित संस्थालाई आपसी संझौताबाट निर्धारित भए बमोजिमको शुल्क अनुमतिपत्र प्राप्त व्यक्तिले बुझाउनु पर्नेछ ।

१३. प्रचलित कानून बमोजिम दर्ता र स्वीकृति हुनु पर्नेः यस नियमावली अन्तर्गत विद्युतको सर्वेक्षण, उत्पादन, प्रशारण तथा वितरण गर्ने कार्यको लागि अनुमति पत्र दिंदा औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम दर्ता भएको र विदेशी लगानी समावेश भएकोमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम स्वीकृति लिएको हुनु पर्नेछ ।

१४. यो नियमावली लागू हुनेः (१) ऐनको दफा ३४ अनुसार श्री ५ को सरकार आफैले विद्युतको उत्पादन वा विकास गरेको अवस्थामा समेत अनुमति पत्र सम्बन्धि व्यवस्था बाहेक अन्य कुराहरूको हकमा यो नियमावली लागू हुनेछ ।

(२) १००० किलोवाट सम्म विद्युतको उत्पादन,प्रशारण वा वितरण गर्ने व्यक्ति वा संगठित संस्थालाई पनि अनुमतिपत्र सम्बन्धी व्यवस्था बाहेक अन्य कुराहरूको हकमा यो नियमावली लागू हुनेछ ।

१५. अनुसूचीमा हेरफेर तथा संशोधन गर्न सक्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

१६. खारेजी र बचाउः (१) विद्युत नियमावली, २०२५ खारेज गरिएको छ ।

(२) विद्युत नियमावली, २०२५ बमोजिम भए गरेका काम कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेका मानिनेछन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२८

अनुसूची – १
(नियम ३ संग सम्बन्धित)

जानकारी सम्बन्धी ।

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

१०० देखि १००० किलोवाट सम्मको जलविद्युतको सर्वेक्षण / उत्पादन प्रशारण / वितरण गर्न लागेकोले विद्युत नियमावली, २०५० को नियम ३ बमोजिम देहायको विवरणहरू खोली यो जानकारी दिएको छु ।

१. जलविद्युतको सर्वेक्षण / उत्पादन / प्रशारण / वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पुरा नाम थर ठेगाना :–

२. जलविद्युतको सर्वेक्षण/उत्पादन/प्रशारण/वितरणको उद्देश्य तथा प्रयोजन :–

३. जलविद्युतको सर्वेक्षण/उत्पादन/प्रशारण तथा वितरण गर्ने क्षेत्र:–

(क) अंचल :–
(ख) जिल्ला :–
(ग) गा.वि.स./नगरपालीका :–

४. जडान क्षमता :–

५. विद्युत नियमावली, २०५० को नियम ३ बमोजिमका विवरणहरू:–

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउला ।

संगठित संस्था भए छाप

जानकारी दिने व्यक्ति वा संगठित संस्थाको
सही :–
नाम:–
मिति:–
ठेगाना:–





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – २
(नियम ४ संग सम्बन्धित)

विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त ।

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

विद्युत उत्पादनको सर्वेक्षणको लागि विद्युत नियमावली, २०५० को नियम ४ बमोजिम देहायको विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :–
२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :–
३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भएमा जलस्रोतको नाम:–
४. सर्वेक्षण गर्ने क्षेत्र:–
   (क) अंचल (ख) जिल्ला
   (ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
   उत्तर दक्षिण
५. सर्वेक्षणको प्रकृति :–
६. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. ...
   (पुष्ट्याई विवरण संलग्न गर्नु पर्नेछ )
७. सर्वेक्षण गर्ने अवधि:
   मिति ... ... देखि मिति ... ... सम्म
८. अन्य विवरणहरू:–

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउँला ।

संगठित संस्था भए छाप

दरखास्तवालाको
सही :–
नाम :–
मिति:–
ठेगाना:–

३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२०

अनुसूची – ३
(नियम ५ संग सम्बन्धित)
विद्युत प्रशारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त ।

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

विद्युत प्रशारणको सर्वेक्षणको लागि विद्युत नियमावली, २०५० को नियम ५ बमोजिम देहायका विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. विद्युत प्रशारणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :–
२. प्रशारण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरण:–
३. विद्युत प्रशारण कहाँबाट कहाँ गर्ने हो सो को विवरण:–
४. विद्युत प्रशारणको सर्वेक्षण गर्ने क्षेत्र :–
   (क) अंचल (ख) जिल्ला
   (ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
   उत्तर दक्षिण
५. विद्युत प्रशारणको भोल्टेज तथा परिमाण:–
६. सर्वेक्षणको प्रकृति :–
७. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु . ... ...
   (पुष्ट्याई विवरण संलग्न गर्नु पर्नेछ ।)
८. विद्युत प्रशारण सर्वेक्षण गर्ने अवधि:
   मिति ... ... देखि मिति ... ... सम्म
९. अन्य विवरणहरू:–

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउला ।

संगठित संस्था भए छाप

दरखास्तवालाको
सही :–
नाम :–
मिति:–
ठेगाना:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूची – ४
(नियम ६ संग सम्बन्धित)

विद्युत वितरणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त ।

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

विद्युत वितरणको सर्वेक्षणको लागि विद्युत नियमावली, २०५० को नियम ६ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. विद्युत वितरणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :–
२. वितरण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरण:–
३. सर्वेक्षण गर्ने क्षेत्र:–
   (क) अंचल (ख) जिल्ला
   (ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
   उत्तर दक्षिण
५. सर्वेक्षणको प्रकृति :–
६. विद्युत वितरण सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. ... ...
   (पुष्ट्याई विवरण संलग्न गर्नु पर्नेछ ।)
७. विद्युत वितरण सर्वेक्षण गर्ने अवधि:
   मिति ... ... देखि मिति ... ... सम्म
८. अन्य विवरण:–

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउँला ।

संगठित संस्था भए छाप

दरखास्तवालाको
सही :–
नाम :–
मिति:–
ठेगाना:–



332
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -- ५(क)
(नियम ८ संग सम्बन्धित)

विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र ।

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति ... ... मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :-
२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :-
३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम:
४. सर्वेक्षण गर्ने क्षेत्र :-
   (क) अंचल (ख) जिल्ला
   (ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
   उत्तर दक्षिण
५. सर्वेक्षणको प्रकृति:-
६. अनुमतिपत्र बहाल रहने अवधि :-
   मिति ... ... देखि मिति ... ... सम्म
७. अन्य शर्तहरू:-

अनुमतिपत्र दिने अधिकारीको
सहि:-
मिति:-
नाम :-
पद :- सचिव
जलस्रोत मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ५(ख)
(नियम ८ संग सम्बन्धित)

विद्युत प्रसारणको सर्वेक्षणको अनुमतिपत्र ।

महाशय,

विद्युत प्रसारणको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति ... ... मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत प्रसारणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :–
२. प्रसारण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरण:–
३. विद्युत प्रसारण कहांबाट कहां गर्ने हो सो को विवरण:–
४. सर्वेक्षण गर्ने क्षेत्र :–
(क) अंचल (ख) जिल्ला
(ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
उत्तर दक्षिण
५. विद्युत प्रसारणको भोल्टज र परिमाण :–
६. सर्वेक्षणको प्रकृति :–
७. अनुमतिपत्र बहाल रहने अवधि :–
मिति ... ... देखि मिति ... ... सम्म
८. अन्य शर्तहरू :–

अनुमतिपत्र दिने अधिकारीको
सहि:–
मिति:–
नाम :–
पद :– सचिव
जलस्रोत मन्त्रालय



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२४

अनुसूची – ५(ग)
(नियम ८ संग सम्बन्धित)

विद्युत वितरणको सर्वेक्षणको अनुमतिपत्र ।

महाशय,

विद्युत वितरणको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति ... ... मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत वितरणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :–
२. वितरण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरण:–
३. सर्वेक्षण गर्ने क्षेत्र :–
   (क) अंचल (ख) जिल्ला
   (ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
   उत्तर दक्षिण
४. विद्युत वितरणको भोल्टेज र परिमाण:–
५. सर्वेक्षणको प्रकृति:–
६. अनुमतिपत्र बहाल रहने अवधि :–
   मिति ... ... देखि मिति ... ... सम्म
७. अन्य शर्तहरु:–

अनुमतिपत्र दिने अधिकारीको
सहि:–
मिति:–
नाम :–
पद :– सचिव
जलस्रोत मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
३३२

अनुसूची – ६
(नियम १२ संग सम्बन्धित)

## विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

महोदय,

विद्युतको उत्पादन गर्ने लागेकोले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम देहायका विवरणहरू खुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

(१) विद्युतको उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको नाम, ठेगाना :–

(२) विद्युत परियोजनाको नाम:–

(३) विद्युत शक्ति उत्पादन गर्ने साधन:–

(४) जलस्रोतको उपयोग गरिने भएमा:–

(क) नदीको नाम:–

(ख) जलस्रोत उपयोग गरिने क्षेत्र

अंचल जिल्ला
गा.वि.स./नगरपालिका पूर्व पश्चिम
उत्तर दक्षिण

(ग) प्रयोग गरिने जलस्रोतको परिमाण:–

(५) मुख्य मुख्य संरचनाहरूको विवरण तथा रहने स्थान:–

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) कार्य शुरु गर्ने मिति:–

(७) कार्य समाप्त गर्ने मिति:–

(८) अन्य विवरणहरु:–

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भुट्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउला ।

संगठित संस्था भए छाप

दरखास्तवालाको
सही:–
नाम:–
मिति:–
ठेगाना:–



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२३२७

अनुसूची – ७
(नियम १३ संग सम्बन्धित)

विद्युत प्रशारणको अनुमतिपत्रको दरखास्त

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

महोदय,

विद्युत प्रशारण गर्न लागेकोले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १३ बमोजिम देहायका विवरणहरू समेत खुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

१. विद्युत प्रशारण गर्ने व्यक्ति वा संगठित संस्थाको नाम, ठेगानाः–
२. विद्युत प्रशारण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरणः–
३. विद्युत प्रशारण कहांबाट कहां गर्ने हो सो को विवरणः–
(क) अंचल (ख) जिल्ला
(ग) गा.वि.स./नगरपालिका
४. विद्युत प्रशारणको भोल्टेज र परिमाणः –
५. काम शुरु गर्ने मितिः–
काम समाप्त गर्ने मितिः–
६. अन्य विवरणहरूः–

माथि उल्लेखित व्यहोरा ठीक साचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठीत संस्था भए छाप

दरखास्तवालाको
सहीः–
नामः–
मितिः–
ठेगानाः–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२८

अनुसूची – ८
(नियम १४ संग सम्बन्धित)

<u>विद्युत वितरणको अनुमतिपत्रको दरखास्त</u>

श्री सचिवज्यू,
मार्फत, विद्युत विकास केन्द्र
जलस्रोत मन्त्रालय ।

महोदय,

विद्युत वितरण गर्न लागेकोले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १४ बमोजिम देहायका विवरणहरु समेत मुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

१. विद्युत वितरण गर्ने व्यक्ति वा संगठित संस्थाको नाम, ठेगाना:-
२. वितरण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरण:-
३. विद्युत वितरण गरिने भोल्टेज र परिमाण :-
४. विद्युत वितरण गरिने क्षेत्र:-
   (क) अंचल (ख) जिल्ला
   (ग) गा.वि.स./नगरपालिका (घ) पूर्व पश्चिम
   उत्तर दक्षिण

५. काम शुरु हुने मिति:-
   काम समाप्त हुने मिति:-
६. अन्य विवरणहरु:-

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

संगठीत संस्था भए छाप

दरखास्तवालाको
सही:-
नाम:-
मिति:-
ठेगाना:-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ९ (ङ)
(नियम १७ संग सम्बन्धित)

विद्युत उत्पादनको अनुमति पत्र

अनुमतीपत्र संख्या :–

श्री ५ को सरकार
जलस्रोत मन्त्रालय

महाशय,

विद्युत उत्पादनको लागि अनुमतीपत्र पाउन मिति ... ... मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली देहायका शर्तहरु सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पुरा नाम :–
ठेगाना :–
२. विद्युत परियोजनाको नाम :–
३. विद्युत शक्ति उत्पादन गर्ने साधनः–
४. जलस्रोतको उपयोग गरिने भएः–
(क) नदीको नामः–
(ख) जलस्रोतको उपयोग गर्न पाइने क्षेत्रः–

| | | |
|---|---|---|
| अंचल | जिल्ला | गा.वि.स./नगरपालिका |
| पूर्व | पश्चिम | |
| उत्तर | दक्षिण | |

(ग) प्रयोग गरिने जलस्रोतको परिमाणः–
५. मुख्य मुख्य संरचनाहरुको विवरण र रहने स्थानः–
६. अनुमतिपत्र बहाल रहने अवधिः–
७. अन्य शर्तहरुः–

अनुमतिपत्र दिने अधिकारीको
सहि :–
मिति :–
नाम :–
पद :– सचिव
जलस्रोत मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

380

अनुसूची – ९ (ख)
(नियम १७ संग सम्बन्धित)

विद्युत प्रशारणको अनुमति पत्र

अनुमतिपत्र संख्या :–

श्री ५ को सरकार
जलस्रोत मन्त्रालय

महाशय,

विद्युत प्रशारणको लागि अनुमतिपत्र पाउन मिति ... ... मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली देहायका शर्तहरु सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पुरा नाम :–
ठेगाना :–
२. प्रशारण परियोजनाको नाम:–
३. विद्युत प्रशारण कहांबाट कहां गर्ने हो सो को विवरण:
अंचल जिल्ला गा.वि.स./नगरपालिका
४. विद्युत प्रशारणको भोल्टज र परिमाण :–
५. अनुमतिपत्र बहाल रहने अवधि :–
मिति ... ... देखि मिति ... ... सम्म ।
६. अन्य शर्तहरु :–

अनुमतिपत्र दिने अधिकारीको
सहि :–
मिति :–
नाम :–
पद :– सचिव
जलस्रोत मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची – ९ (ग)
(नियम १७ संग सम्बन्धित)

विद्युत वितरणको अनुमति पत्र

अनुमतिपत्र संख्या:–

श्री ५ को सरकार
जलस्रोत मन्त्रालय

महाशय,

विद्युत वितरणको लागि अनुमतिपत्र पाउन मिति ... ... मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली देहायका शर्त सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पुरा नाम :–
ठेगाना :–
२. वितरण परियोजनाको नाम:-
३. वितरण गरिने विद्युत उपलब्ध गराउने परियोजना/स्थानको विवरण:
४. विद्युत वितरण गरिने भोल्टेज र परिमाण:–
५. विद्युत वितरण गरिने क्षेत्र:–

| | | |
|---|---|---|
| अंचल | जिल्ला | गा.वि.स./नगरपालिका |
| पूर्व | पश्चिम | |
| उत्तर | दक्षिण | |

६. अनुमतिपत्र बहाल रहने अवधि :–
मिति ... ... देखि मिति ... ... सम्म
७. अन्य शर्तहरु :–

**अनुमतिपत्र दिने अधिकारीको**
**सहि :–**
**मिति :–**
**नाम :–**
**पद :– सचिव**
**जलस्रोत मन्त्रालय**



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
282

अनुसूची – १०
(नियम ३२ संग सम्बन्धित)

विद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने अनुमतिपत्र

अनुमतिपत्र संख्या :–

श्री ५ को सरकार
जलस्रोत मन्त्रालय

महाशय,

विद्युत उत्पादन / प्रसारण / वितरणको लागि अनुमतिपत्र पाउन मिति ... ... को दरखास्त अनुसार देहाय बमोजिमका विवरणहरू मुलाई विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (३) र विद्युत नियमावली, २०५० को नियम ३२ को उपनियम (२) अनुसार यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युतको उत्पादन/प्रसारण/वितरण गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:–

२. विद्युत उत्पादन केन्द्रहरूको विवरण (प्रत्येक केन्द्रको) नाम:–

(क) जडित क्षमता (किलोवाटमा):–
(ख) अनुमानित वार्षिक उत्पादन (किलोवाटमा):–
(ग) कमिशनिङ्ग गरेको मिति:–
(घ) विद्युत उत्पादनमा प्रयोग भएको साधन:–
(ङ) जलस्रोतको उपयोग भएको भए जलस्रोतको नाम:–
(च) विद्युत केन्द्र रहेको स्थान:–
अंचल जिल्ला गा.वि.स./नगरपालिका

३. विद्युत प्रसारणको विवरण (प्रत्येक लाइनको):–

(क) नाम:–
(ख) भोल्टेजको स्तर:–
(ग) तारको साइज:
(घ) प्रसारण गर्न सक्ने क्षमता :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सम्बन्धित सब-स्टेशनहरूको भोल्टेज र जडित ट्रान्सफरमरहरूको क्षमता:-
(च) प्रसारण शुरु गरेको मिति:-

४. विद्युत वितरणको विवरण:-

(क) वितरणको क्षेत्र:-
अंचल जिल्ला गा.वि.स./नगरपालिका
(ख) वितरणको भोल्टेज:-

५. वितरण ट्रान्सफरमरहरूको कुल क्षमता:-

६. ग्राहकको संख्या:-

(क) गार्हस्थ:
(ख) औद्योगिक:
(ग) व्यापारिक:
(घ) ... ...
जम्मा

७. औसत बिक्री दर:-

८. वितरण शुरु गरेको मिति:-

९. अनुमतिपत्र बहाल रहने अवधि:-

१०. अन्य शर्तहरु:-

अनुमतिपत्र दिने अधिकारीको सही:-
मिति:-
नाम:-
पद: सचिव
जलस्रोत मन्त्रालय



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४४

## अनुसूची – ११
(नियम २४ संग सम्बन्धित)

### अनुमतिपत्र दस्तूर

| जडान क्षमता | दस्तूर |
|---|---|
| (क) १,००१ किलोवाट देखी ५,००० किलोवाटसम्म | रु. १,०००।– |
| (ख) ५,००१ किलोवाट देखि २५,००० किलोवाटसम्म | रु. ५,०००।– |
| (ग) २५,००१ किलोवाट देखि १,००,००० किलोवाटसम्म | रु. २५,०००।– |
| (घ) १,००,००१ किलोवाट देखि ४,००,००० किलोवाटसम्म | रु. १,००,०००।– |
| (ङ) ४,००,००१ किलोवाट देखि १०,००,००० किलोवाटसम्म | रु. ४,००,०००।– |
| (च) १०,००,००१ किलोवाट देखि माथि सबैलाई | रु. १०,००,०००।– |

## अनुसूची – १२
(नियम ४८ संग सम्बन्धित)

### तार देखि भुईसम्म हुनु पर्ने न्यूनतम दूरी

| क्र.स. | विद्युत भोल्टेजको स्तर | सडक वारपार गर्दा मिटर | सडको छेउ मिटर | अन्य स्थानमा मिटर |
|---|---|---|---|---|
| १ | २३०।४०० भन्दा माथि ११,००० भन्दा कम | ५.८ | ५.५ | ४.६ |
| २ | ११,००० र सो भन्दा माथि ३३,००० सम्म | ६.१ | ५.८ | ५.२ |



384
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

अनुसूची – १३
(नियम ५० संग सम्बन्धित)
तार देखि घर वा रूखसम्म हुनु पर्ने न्यूनतम दूरी

| क्र.स. | विद्युत भोल्टको स्तर | घर तथा रूखबाट हुने न्यूनतम दूरी |
|---|---|---|
| १ | २३०/४०० देखि ११,००० सम्म | १.२५ मिटर |
| २ | ११,००० भन्दा माथि देखि ३३,००० सम्म | २.०० मिटर |

द्रष्टव्यः– उपरोक्त न्यूनतम दूरी कायम गर्दा हावाको चापले उत्पन्न हुने तारको उच्चतम मच्चाई (म्याक्सिमम डिफ्लेक्शन) समेतको हिसाब गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार
२३४६

अनुसूची – १४
(नियम ७४ संग सम्बन्धित)

विजुलीबाट हुने दुर्घटनाको प्रतिवेदन पठाउने ढाँचा

१. दुर्घटनाको मिति र समय :-

२. दुर्घटना भएको अंचल, जिल्ला तथा स्थान :-

३. विद्युत सप्लाई भोल्टेज तथा प्रणाली :-

४. दुर्घटनामा परी मरेको वा घायल भएको व्यक्तिहरूको नाम । दुर्घटनामा कुनै जनावर परेको भए सो समेत उल्लेख गर्ने :-

५. दुर्घटना भएको क्षेत्रको अनुमतिपत्र प्राप्त व्यक्तिको नाम :-

६. दुर्घटनामा परेको व्यक्तिको पेशा (विद्युत सम्बन्धित काम गर्ने वा अन्य प्रकारको कार्य गर्ने) स्पष्ट उल्लेख गर्नु पर्ने :-

७. (क) विद्युत कार्य गर्दा दुर्घटनामा परेको भए सो को विवरण :
(ख) अरू कार्य गर्दा दुर्घटनामा परेको भए, कसरी सो भयो सो को विवरण :

८. विद्युत कार्य गर्दा दुर्घटनामा परेको भए कसको आदेशानुसार कार्य गर्दा दुर्घटना भएको हो, सो को नाम, दर्जा र सो बारे निजको भनाई :-

९. दुर्घटनाको पूर्ण विवरण :-

१०. दुर्घटना भएपछि गरिएको विवरण :-

११. पछि यस्तो दुर्घटना पर्न नदिन अनुमतिपत्र प्राप्त व्यक्तिले अपनाएको/अपनाउने कार्यक्रम विवरण :-

मिति :-

अनुमतिपत्र प्राप्त व्यक्तिको
दस्तखत :-
नाम :-
दर्जा :-



२४६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले जलस्रोत ऐन, २०४९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०५० भाद्र १ गतेदेखि लागू हुने गरी तोकेको छ ।

## सूचना ४

## जलस्रोत नियमावली, २०५०

जलस्रोत ऐन, २०४९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "जलस्रोत नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

(क) "ऐन" भन्नाले जलस्रोत ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "जिल्ला जलस्रोत समिति" भन्नाले नियम ८ बमोजिमको जिल्ला जलस्रोत समिति सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले नियम १४, २० वा २४ बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "सर्वेक्षण" भन्नाले जलस्रोत उपयोगको लागि गरिने संभाव्यता अध्ययन, विस्तृत इन्जिनीयरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले जलस्रोतसंग सम्बन्धित सेवा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(च) "सेवा शुल्क" भन्नाले श्री ५ को सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसंग सम्बन्धित सेवा उपभोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२४८

परिच्छेद – २

## उपभोक्ता संस्था

३. <u>उपभोक्ता संस्थाको गठन</u>: संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा ७ जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

४. <u>उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने</u>: नियम ३ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा सात जना उपभोक्ताहरुले अनुसूची – १ बमोजिमको ढांचामा उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैयां दस्तुर सहित जिल्ला जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

५. <u>विधानमा खुलाउनु पर्ने विवरणहरु</u>: नियम ४ बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछः–

(क) पूरा नाम र ठेगाना,
(ख) उद्देश्य तथा कार्य क्षेत्र,
(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,
(घ) सदस्यको निष्काशन र राजिनामा,
(ङ) हक दावी, नामसारी वा हकवालाको मनोनयन,
(च) साधारण सभा सम्बन्धी,
(छ) संचालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी),
(ज) संचालक पदमा बहाल रहन नसक्ने अवस्था,
(झ) संचालक समितिको बैठक सम्बन्धी कार्यविधि,
(ञ) कोष र लेखापरीक्षण,
(ट) विधान संशोधन,
(ठ) विघटन,
(ड) विविध ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>दर्ता र प्रमाणपत्र</u>: (१) नियम ४ बमोजिम पर्न आएको दरखास्त उपर जिल्ला जलस्रोत समितिले आवश्यक जांचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची २ बमोजिमको ढांचामा उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र दिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा जिल्ला जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले ३० दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै नियमावली बमोजिम दर्ता भएका मानिनेछन् ।

७. <u>विधान संशोधन</u>: उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु पर्ने भएमा विधानको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा जिल्ला जलस्रोत समितिमा पेश गर्नु पर्ने छ र जिल्ला जलस्रोत समितिले तत्सम्बन्धमा आवश्यक जांचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
320

परिच्छेद – ३

जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

८. <u>जिल्ला जलस्रोत समितिको गठनः</u> (१) नेपाल अधिराज्य भित्र रहेको जलस्रोतको उपयोगको लागि ऐनको दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लामा एक जिल्ला जलस्रोत समिति रहनेछ ।

(२) जिल्ला जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) प्रमुख जिल्ला अधिकारी – अध्यक्ष
(ख) प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय – सदस्य
(ग) प्रतिनिधि, जिल्ला वन कार्यालय – सदस्य
(घ) प्रतिनिधि, जिल्ला खानेपानी कार्यालय – सदस्य
(ङ) प्रतिनिधि, जिल्ला सिंचाई कार्यालय – सदस्य
(च) प्रतिनिधि, सम्बन्धित जिल्ला भित्र श्री ५ को सरकार–द्वारा संचालित विद्युत आयोजनाको कार्यालय – सदस्य
(छ) खण्ड (ख) देखि (च) सम्म उल्लेखित प्रतिनिधि बाहेक जलस्रोतको उपयोग संग सम्बन्धित कार्यालयको प्रतिनिधि – सदस्य
(ज) प्रतिनिधि, जिल्ला विकास समिति – सदस्य
(झ) स्थानीय विकास अधिकारी – सदस्य–सचिव

९. <u>जिल्ला जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) जिल्ला जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता जिल्ला जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा जिल्ला जलस्रोत समितिको सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) जिल्ला जलस्रोत समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जिल्ला जलस्रोत समितिमा कुनै विषयमा छलफल गर्दा मतदान हुंदा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई जिल्ला जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) जिल्ला जलस्रोत समितिको निर्णय जिल्ला जलस्रोत समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) जिल्ला जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>जिल्ला जलस्रोत समितिको संयुक्त बैठक</u>: (१) जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै काम एक भन्दा बढी जिल्ला जलस्रोत समितिहरुसंग सम्बन्धित भएमा सम्बन्धित सबै जिल्ला जलस्रोत समितिहरुको संयुक्त बैठकले यो नियमावली बमोजिमको अधिकारको प्रयोग गर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको संयुक्त जिल्ला जलस्रोत समितिको बैठकको अध्यक्षता सम्बन्धित जलस्रोत सम्बन्धी परियोजनाको संरचना वा त्यसको मुख्य भाग जुन जिल्ला जलस्रोत समितिको कार्य क्षेत्र भित्र पर्छ सोही जिल्ला जलस्रोत समितिको अध्यक्षले गर्नेछ ।

११. <u>जिल्ला जलस्रोत समितिको सचिवालय</u>: जिल्ला जलस्रोत समितिको सचिवालय सम्बन्धित जिल्लाको स्थानीय विकास अधिकारीको कार्यालयमा रहनेछ ।

१२. <u>जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने</u>: (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिमको ढांचामा प्रस्तावित परियोजनासंग सम्बन्धित देहायका विवरणहरु समेत जिल्ला जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनु पर्नेछ ।

(क) परियोजनाको विवरण,
(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य मुख्य संरचना समेत देखिने),
(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,
(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र विवरण,
(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कूल अवधि र लागत (सर्वेक्षण र संचालनको लागि समेत),

(छ) अन्य आवश्यक कुराहरू ।

(२) उप–नियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची – ८ मा उल्लेखित दस्तुरको पच्चिस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

१३. <u>दरखास्त उपर जांचबुझः</u> (१) नियम १२ बमोजिम दरखास्त परेपछि ऐन र यस नियमावली बमोजिम दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा जिल्ला जलस्रोत समितिले आवश्यक जांचबुझ गर्नु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम जांचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जिल्ला जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त परेको मितिले १५ दिन भित्र सूचना दिनु पर्नेछ ।

(३) उप–नियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जिल्ला जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउंछ सोही मितलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१४. <u>सर्वेक्षण अनुमतिपत्र दिनेः</u> नियम १२ बमोजिम परेको दरखास्त उपर नियम १३ बमोजिम जिल्ला जलस्रोत समितिले आवश्यक जांचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ४ बमोजिमको ढांचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

१५. <u>सर्वेक्षण प्रतिवेदन पेश गर्नु पर्नेः</u> नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिन भित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन जिल्ला जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. <u>दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइने</u>: नियम १४ बमोजिम दिइएको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठीत संस्थालाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिइने छैन ।

१७. <u>जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने</u>: (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठीत संस्थाले अनुसूची ५ बमोजिमको ढांचामा प्रस्तावित परियोजनासंग सम्बन्धित देहायका विवरणहरू खुलाई जिल्ला जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनु पर्नेछ:–

(क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठीत संस्था तथा त्यस्तो संस्थाका संचालकहरूको नाम, घर र वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ख) संभाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण),

(ग) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तिय संस्थाहरूको प्रतिवद्धता र लगानीकर्ताहरूको दायित्व तथा शेयर–पूँजि र ऋणको प्रतिशत),

(घ) घरजग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरूको लगत),

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाइने उपायहरू तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाइने उपायहरू, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परीयोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा संचालन सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा परीयोजना संचालनबाट सम्बन्धित जग्गा धनीहरूलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाइने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(च) अन्य आवश्यक कुराहरू ।

१८. दरखास्त उपर जांचबुझ: (१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस नियमावली बमोजिम दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा जिल्ला जलस्रोत समितिले आवश्यक जांचबुझ गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम जांचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जिल्ला जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले ३० दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जिल्ला जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउंछ सोही मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१९. सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने: (१) नियम १७ बमोजिम जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि जिल्ला जलस्रोत समितिले नियम १८ बमोजिम आवश्यक जांचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू सुलाई सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला जलस्रोत समिति समक्ष जोसुकैले पनि मन्तव्य दिन सक्नेछ ।

(३) उप-नियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी जिल्ला जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नु पर्ने कुराहरू अनुमतिपत्र दिदा तोकी दिनेछ ।

२०. <u>अनुमतिपत्र दिने</u>: नियम १७ बमोजिमको दरखास्त उपर नियम १८ र १९ बमोजिमको कार्यविधि पूरा गरी गराई जिल्ला जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ६ बमोजिमको ढांचामा दरखास्तवालालाई जलस्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

२१. <u>सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिलाई परियोजना संचालन गर्न अनुमतिपत्र प्रदान गरिने</u>: नियम १४ बमोजिम सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पुरा गर्नु पर्ने म्याद भित्रै नियम १७ बमोजिमका विवरणहरू सुलाई दरखास्त दिएमा यस नियमावलीको अन्य व्यवस्थाहरूको अधिनमा रही दरखास्तवालालाई प्राथमिकताको साथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्र दिन सकिने छ ।

२२. <u>जलस्रोत माथि अधिकार कायम हुने</u>: यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्र सम्मको जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

२३. <u>कार्य शुरू गर्नु पर्ने अवधि</u>: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालनको हकमा एक वर्ष भित्र भौतिक रूपमा कार्य शुरू गरी सोको जानकारी सम्बन्धित जिल्ला जलस्रोत समितिलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर म्याद भित्र कार्य शुरू गर्न नसकेको कारण सोची अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा सम्बन्धित जिल्ला जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उप–नियम (१) बमोजिम कार्य शुरू भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म सम्बन्धित जिल्ला जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ ।

२४. <u>नयाँ अनुमतिपत्र लिनु पर्ने</u>: (१) ऐन प्रारम्भ हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरू खुलाई ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र सम्बन्धित जिल्ला जलस्रोत समिति समक्ष जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

(२) उप–नियम (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित जिल्ला जलस्रोत समितिले आवश्यक जांचबुझ गरी दरखास्तवालालाई अनुसूची ७ बमोजिमको ढांचामा अनुमतिपत्र दिनेछ ।

२५. <u>अनुमतिपत्र दस्तुर</u>: यो नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची ८ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

२६. <u>अनुमतिपत्र नविकरण गर्ने</u>: (१) यो नियमावली बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउंदा अनुसूची ८ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२७. <u>अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने</u>: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्बन्धित जिल्ला जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
326

(२) उप–नियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित जिल्ला जलस्रोत समितिले आवश्यक जांचबुझ गरी दरखास्तवालाको नाउंमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउंमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

परिच्छेद – ४

जलस्रोत उपयोगको विवाद सम्बन्धी जांचबुझ

२८. <u>जलस्रोत उपयोग जांचबुझ समितिः</u> (१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक जलस्रोत उपयोग जांचबुझ समिति रहनेछः–

(क) प्रतिनिधि, जलस्रोत मन्त्रालय – अध्यक्ष
(ख) प्रतिनिधि, सम्बन्धित जिल्ला विकास समिति – सदस्य
(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको क्षेत्रिय कार्यालय – सदस्य

(२) दुई वा दुई भन्दा बढी जिल्लाहरू बिच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उप–नियम (१) को खण्ड (ख) बमोजिम विवादसंग सम्बन्धित प्रत्येक जिल्लाको जिल्ला विकास समितिको एक एक जना प्रतिनिधिहरू रहनेछन् ।

(३) उप–नियम (१) बमोजिमको जलस्रोत उपयोग जांचबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउनेछः–

(क) जलस्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरू बीच जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना संचालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टा छुट्टै वा सामूहिक रूपमा आफ्नो दावी पुष्ट्याइँ हुने तथ्यहरू उल्लेख गरी लिखित जानकारी पेश गर्न मुनासिब माफिकको म्याद तोकि दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायको विषयमा जानकारी लिनु पर्नेछ:–

(अ) परियोजनाको कुल खर्च,
(आ) परियोजनाबाट हुने फाइदाको स्तर,
(इ) आयोजना संचालन गर्दा सम्बन्धित जलस्रोतबाट उपयोग गरि रहेका व्यक्ति वा समूहलाई पर्न सक्ने असर,
(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,
(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव,
(ऊ) स्थानीय जनताको आवश्यकता,
(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको प्रतिक्रिया,
(ऐ) अन्य आवश्यक कुराहरू ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरूमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोतको लाभदायक उपयोग भए नभएको र सो जलस्रोत उपयोग गर्न पाउने नपाउने कुराको निर्धारण गरिनेछ ।

(४) उप–नियम (३) को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचबुझ समितिले कुनै जलस्रोतको उपयोग गर्ने शर्तहरू समेत तोक्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – ५

## सेवा शुल्क सम्बन्धी

२९. वार्षिक शुल्कः अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत श्री ५ को सरकारलाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची ९ मा तोकिए बमोजिम हुनेछ ।

३०. सेवा शुल्क निर्धारण समितिः (१) श्री ५ को सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न र निर्धारित समय भित्र सेवा शुल्क नबुझाउने उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक सेवा शुल्क निर्धारण समिति रहनेछः–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष
(ख) उपभोक्ताहरू मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति – सदस्य
(ग) श्री ५ को सरकारले तोकेको व्यक्ति – सदस्य–सचिव

(२) सेवा शुल्कः निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(३) उप–नियम (१) बमोजिम सेवा शुल्कः निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको संचालन तरिका, उपभोक्ता मूल्य–सूचीको परिवर्तन जस्ता कुराहरूको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

३१. सेवा शुल्कः बुझाउनु पर्नेः जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपभोग गर्ने उपभोक्ताहरूले सेवा उपभोग गरे वापत नियम ३० को उप–नियम (३) बमोजिम निर्धारित सेवा शुल्कः बुझाउनु निजहरूको दायित्व हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

360

परिच्छेद – ६

घर जग्गा प्राप्ती तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

३२. निवेदन दिनु पर्नेः ऐनको दफा १६ को उपदफा (१) बमोजिम जलस्रोत उपयोगको लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले श्री ५ को सरकार समक्ष अनुसूची १० बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

३३. परियोजना स्थल वरिपरीको जग्गा प्रयोग गर्न निषेध गर्न सक्नेः (१) ऐनको दफा १६ को उपदफा (३) को प्रयोजनको लागि श्री ५ को सरकारले जलस्रोतको उपयोग सम्बन्धी परियोजनाको किसिम, बनौट, क्षमता आदि कुराहरूलाई ध्यानमा राखी त्यस्तो परियोजना क्षेत्रभित्रका घरजग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दूरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उप–नियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना श्री ५ को सरकारले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय र माल वा मालपोत कार्यालयमा समेत टांस्न लगाउनु पर्नेछ ।

३४. क्षतिपूर्ति दिइनेः (१) नियम ३३ बमोजिम घरजग्गा प्रयोग गर्न निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानी नोक्सानी बापत दिइने क्षतिपूर्तिको रकम नियम ३५ को उप–नियम (२) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) घर जग्गाको प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेकोमा बाहेक उप–नियम (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकैपटक मात्र दिइने छ ।

३५. क्षतिपूर्ति निर्धारण समितिः (१) ऐनको दफा १० को उपदफा (३) बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्यहरू भएको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष
(ख) जलस्रोत उपयोग सम्बन्धी परियोजनासंग सम्बन्धित कार्यालयको प्रतिनिधि – सदस्य
(ग) जलस्रोतसंग सम्बन्धित श्री ५ को सरकारले तोकेको विशेषज्ञ – सदस्य

(२) ऐनको दफा १५ र १६ बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्ने प्रयोजनको लागि उप–नियम (१) मा तोकिएको समितिमा देहायका व्यक्तिहरू समेत सदस्य रहनेछन्ः–

(क) हानी नोक्सानी भएको अचल सम्पत्तिको धनी वा निजको प्रतिनिधि – सदस्य
(ख) हानी नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्बन्धित जिल्ला मालपोत कार्यालयको प्रतिनिधि – सदस्य
(ग) हानी नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य – सदस्य

(३) उप–नियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष तथा वास्तविक हानी नोक्सानीको मूल्यांकन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ ।

(४) क्षतिपूर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले निर्धारण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

## परिच्छेद – ७

## विविध

३६. अधिकारी तोकिएको: (१) ऐनको दफा २१ को प्रयोजनको लागि सम्बन्धित जिल्ला जलस्रोत समितिलाई अधिकारी तोकिएको छ ।

(२) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा १८ को उपदफा (१) बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा परीक्षण गर्ने गराउने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई हुनेछ ।

(३) ऐनको दफा २२ को उपदफा (१), (२) र (३) बमोजिम सजाय गर्ने प्रयोजनको लागि जलस्रोत मन्त्रालयको सचिवलाई तोकिएको छ ।

३७. सहयोग पुऱ्याउनु पर्ने: आफ्नो कार्य सम्पादनको सिलसिलामा जिल्ला जलस्रोत समितिले जलस्रोतसंग सम्बन्धित निकायबाट आवश्यकतानुसार जलस्रोत सम्बन्धी तथ्याङ्कहरू माग गर्न सक्नेछ र माग भए बमोजिमको तथ्याङ्कहरू उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

३८. दुर्घटनाको सूचना: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा जिल्ला जलस्रोत समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन जिल्ला जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

३९. श्री ५ को सरकारले निर्देशन दिन सक्ने: श्री ५ को सरकारले जलस्रोतको उपयोग सम्बन्धमा जिल्ला जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु जिल्ला जलस्रोत समितिको कर्तव्य हुनेछ ।

४०. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १
(नियम ४ संग सम्बन्धित)

निवेदन पत्रको ढांचा

श्री अध्यक्षज्यू,
... ... ... जिल्ला जलस्रोत समिति
... ... ... ... ... ... ... ..

महोदय,

हामीले ... ... ... ... ... ... ... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत ऐन, २०४९ को दफा ५ तथा जलस्रोत नियमावली, २०५० को नियम ४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एकसय रुपैयां दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण:

१. उपभोक्ता संस्थाको नाम:–
२. कार्य क्षेत्र:–
३. उद्देश्यहरू:–

(क)
(ख)
(ग)

४. सदस्यहरूको नाम — ठेगाना — पेशा

(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६८
मुद्रण विभाग, सिंहदरबार

५. उपयोग गरिने जलस्रोतको विवरण:–

(क) जलस्रोतको नाम र रहेको ठाउं:–
(ख) जलस्रोतबाट गरिने प्रयोग:–
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:–
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:–

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:–

(क) सेवाको किसिम:–
(ख) सेवा पुऱ्याउने क्षेत्र:–
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:–
(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने संभावना:–

७. आर्थिक स्रोतको विवरण:–

८. कार्यालयको ठेगाना:–

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही:–
नाम:–
पद:–
ठेगाना:–
मिति:–

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५६५

अनुसूची – २
(नियम ६ को उप नियम (१) संग सम्बन्धित)

<u>उपभोक्ता संस्था दर्ता प्रमाण पत्र</u>

दर्ता मिति:-
दर्ता नम्बर:-

... ... ... जिल्ला जलस्रोत समिति

मिति:- ... ... ...

श्री ... ... ... ... ...
... ... ... ... ... ..
.. ... ... ... ... ..

... ... ... ...(सम्बन्धित उपभोक्ता संस्थाको नाम) ... ... जलस्रोत ऐन, २०४९ को दफा ५ को उपदफा (२) तथा जलस्रोत नियमावली, २०५० को नियम ६ को उप-नियम (१) बमोजिम ... ... ... साल ... ... महिना ... .. गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम आफ्नो कार्य संचालन गर्नु होला ।

सही:-
नाम, थर:-
पद:-



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८०८

अनुसूची – ३

(नियम १२ को उप-नियम (१) संग सम्बन्धित)

<u>जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त</u>

मिति:– ... ... ...

श्री अध्यक्षज्यू,
... ... ... जिल्ला जलस्रोत समिति,
... ... ... ... ... ...

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलस्रोत नियमावली, २०५० को नियम १२ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:–
२. उद्देश्य:–
३. सर्वेक्षण गर्ने क्षेत्र:–
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. ... ... ...
(पुस्ट्याई विवरण संलग्न गर्नु पर्नेछ)
५. सर्वेक्षण गर्ने अवधि:–
६. अन्य विवरणहरु (जलस्रोत नियमावली, २०५० को नियम १२ बमोजिम)

माथि उल्लेखित व्यहोरा ठीक सांचो छ झुट्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंदा ।

संगठितसंस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट
दरखास्त दिनेको
नाम र थर:–
सही:–
पद:–
ठेगाना:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3860

अनुसूची – ४
(नियम १४ संग सम्बन्धित)

जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

... ... ... ... जिल्ला जलस्रोत समिति

अनुमतिपत्र संख्या:– मिति:–
श्री .... ... ... ... ...
... ... ... ... ... ...

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली जलस्रोत नियमावली, २०५० को नियम १४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगाना:–
२. जलस्रोत सर्वेक्षणको उद्देश्य:–
३. जलस्रोत सर्वेक्षणको क्षेत्र:–
४. सर्वेक्षण गर्ने अवधि:–
५. अनुमतिपत्र बहाल रहने अवधि:–

अनुमतिपत्र दिने अधिकारीको
नाम:–
सही:–
पद:–



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ५
(नियम १७ संग सम्बन्धित)

जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मिति:–

श्री अध्यक्षज्यू,
... ... ... जिल्ला जलस्रोत समिति,
... ... ... ... ... ...

जलस्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन जलस्रोत नियमावली, २०५० को नियम १७ बमोजिम देहायका विवरणहरु समेत सलाई यो दरखास्त पेश गरेकोछु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:–
२. उद्देश्य:–
३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजन:–
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउं:–
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउंको क्षेत्रफल:–
६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभ:–
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:–
८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोत:–
९. जलस्रोत उपयोग गर्ने तरिका:–
१०. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग:–
११. अन्य विवरणहरु :–

माथि उल्लेखित व्यहोरा ठीक सांचो छ झुट्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

संगठित संस्था भए सो संस्थाकोछाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको
नाम र थर:–
सही:–
पद:–
ठेगाना:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार
२६५

अनुसूची – ६
(नियम २० संग सम्बन्धित)

जलस्रोत उपयोगको अनुमतिपत्र

... ... ... जिल्ला जलस्रोत समिति

अनुमतिपत्र संख्याः–

मितिः–

श्री ... ... ... ... ...
... ... ... ... ...

महाशय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायका विवरण खोली जलस्रोत नियमावली, २०५० को नियम २० बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः–
२. जलस्रोत उपयोगको उद्देश्यः–
३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः–
४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः–
५. जलस्रोत उपयोगको क्षेत्रः–
६. जलस्रोत उपयोग गर्ने तरिकाः–
७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः–
८. अनुमतिपत्र बहाल रहने अवधिः–

अनुमतिपत्र दिने अधिकारीको
नामः–
सहीः–
पदः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2600
मुद्रण विभाग

अनुसूची – ७
(नियम २४ को उप–नियम (२) संग सम्बन्धित)

जलस्रोत उपयोगको अनुमतिपत्र

... ... ... ... ... जिल्ला जलस्रोत समिति

अनुमतिपत्र संख्याः–

मितिः–

श्री ... ... ... ... ...
... ... ... ... ... ..

महाशय,

तपाईले अनुमतिपत्र पाउन मिति ... ... ... ... मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरू सुलाई जलस्रोत ऐन, २०४९ को दफा ८ को उपदफा (३) र जलस्रोत नियमावली, २०५० को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. जलस्रोत उपयोग संग सम्बन्धित परियोजनाको नाम र किसिम (प्रत्येक उपयोगसंग सम्बन्धित):
३. जलस्रोतको नाम र रहेको स्थानः
४. जलस्रोतको उपयोग भएको परिमाणः–
५. जलस्रोत उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको विस्तार क्षेत्र
   अंचल ... ... ... ... जिल्ला ... ... ... गा.वि.स./नगर पालिका
६. उपभोक्ता संख्या र त्यसको किसिमः–
७. सेवा उपलब्ध गराउन शुरू गरेको मितिः–
८. अनुमतिपत्र बहाल रहने अवधिः–
९. अन्य शर्तहरू

अनुमतिपत्र दिने अधिकारीको सही
नामः–
छापः–
पदः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

369

अनुसूची - ८

(नियम १२ को उप-नियम (२), नियम २५ र नियम २६ को उप-नियम (२) सँग सम्बन्धित)

<u>अनुमतिपत्र दस्तुर:</u>

| जलस्रोत उपयोगको किसिम | दस्तुर |
|---|---|
| (क) खानेपानी र घरेलु उपयोग | रु. १००।– |
| (ख) सिंचाई | रु. २००।– |
| (ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु. १००।– |
| (घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु. २००।– |
| (ङ) जल यातायात | रु. ५००।– |
| (च) आमोद प्रमोदजन्य उपयोग | रु. ५००।– |
| (छ) अन्य उपयोग | रु. ५००।– |

अनुसूची - ९

(नियम २९ सँग सम्बन्धित)

<u>जलस्रोतको उपयोग बापत बुझाउनु पर्ने वार्षिक शुल्क</u>

१. <u>सिंचाईको हकमा</u>

| | |
|---|---|
| (क) दुईहजार हेक्टरसम्मको जमिन सिंचाई गर्न प्रति हेक्टर रु. एकका दरले अधिकतम | – रु. १,०००।– |
| (ख) दुई हजार देखि पांच हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न | – रु. २,०००।– |
| (ग) पांच हजार देखि दशहजार हेक्टरसम्मको जमिन सिंचाई गर्न | – रु. ५,०००।– |
| (घ) दशहजार देखि पन्द्रहजार हेक्टरसम्मको जमिन सिंचाई गर्न | – रु. १०,०००।– |
| (ङ) पन्द्रहजार देखि बीसहजार हेक्टरसम्मको जमिन सिंचाई गर्न | – रु. १५,०००।– |
| (च) बीसहजार देखि पच्चीसहजार हेक्टरसम्मको जमिन सिंचाई गर्न | – रु. २०,०००।– |
| (छ) पच्चीसहजार हेक्टर भन्दा बढ्ता जमिन सिंचाई गर्न | – रु. २५,०००।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
362

२. सानेपानीको हकमा

(क) दुईहजार सम्मको जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. ५००।–

(ख) दुईहजार देखि पांचहजारसम्मको जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. २,०००।–

(ग) पांचहजार देखि दशहजारसम्मको जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. ५,०००।–

(घ) दशहजार देखि पन्ध्रहजारसम्मको जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. १०,०००।–

(ङ) पन्ध्रहजार देखि बीसहजारसम्मको जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. १५,०००।–

(च) बीसहजार देखि पच्चीस हजारसम्मको जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. २०,०००।–

(छ) पच्चीसहजार भन्दा बढी जनसंख्यालाई सानेपानीको व्यवस्था गर्न – रु. २५,०००।–

३. कृषि जन्य उपभोगको लागि – रु. २,०००।– देखि २०,०००।– सम्म पानी प्रयोगको परिमाणको आधारमा

४. घरेलु उद्योगको लागि – रु. २,०००।– देखि २०,०००।– सम्म पानी प्रयोगको परिमाणको आधारमा

५. औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोगको लागि – रु. ५,०००।– देखि ५०,०००।– सम्म पानी प्रयोगको परिमाणको आधारमा

६. आमोद प्रमोदजन्य प्रयोगको लागि – रु. १,०००।– देखि १०,०००।– सम्म वार्षिक कारोवारको आधारमा

७. अन्य प्रयोगको लागि – रु. ५,०००।– देखि १०,०००।– सम्म वार्षिक कारोवारको आधारमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

अनुसूची – १०
(नियम ३२ संग सम्बन्धित)

जग्गा उपयोग वा प्राप्तिको लागि दरखास्त

मिति:–

श्रीमान् ... ... .. ... ...
जलस्रोत मन्त्रालय ।

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरू गर्नका लागि तपसीलमा उल्लेखित घर जग्गा उपयोग गर्नु पर्ने वा प्राप्त गर्नु पर्ने भएकोले नियमानुसार उपयोग गर्न पाउने गरी वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु ।

तपसील

संगठितसंस्था भए सो संस्थाकोछाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
नाम र थर:–
सही:–
पद:–
ठेगाना:–

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६८
मुद्रण विभाग, सिंहदरबार